# महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन सम्बन्धी महासन्धिसँग सम्बन्धित श्रोत सामग्री





राष्ट्रिय महिला आयोग

भद्रकालीप्लाजा, काठमाडौं

फोन नं. : ४२५६७०१, ४२५९४११, फ्याक्स : ४२५०४११

Email: info@nwc.gov.np, Website: www.nwc.gov.np

राष्ट्रिय महिला आयोग
२०७७

यो प्रकाशन यूएन ओमनको सहयोगमा प्रकाशित गरिएको हो ।

राष्ट्रिय महिला आयोग
National Women Commission
भद्रकाली प्लाजा, काठमाडौं

Phone: +977-4256701
Fax: +977-1-4259411
E-mail: info@nwc.gov.np
http://www.nwc.gov.np

प.सं.

च.नं.

मिति: २०७७।४।१४



## मन्तव्य

महिला विरुद्धका हुने सबै प्रकारको भेदभाव उन्मूलन सम्बन्धी महासन्धि (CEDAW) संयुक्त राष्ट्र संघीय महासभाले यसको प्रस्ताव नं ३४/१८० बाट १८ डिसेम्बर १९७९ मा महिलाहरुको विशेष आवश्यकताको सम्बोधन गर्ने उद्देश्य सहित पारित भई ३ सेप्टेम्बर १९८१ देखि लागू भएको हो । नेपालले यस महासन्धिको अनुमोदन २२ अप्रिल १९९१ मा गरेको थियो । महिलाहरुको अन्तर्राष्ट्रिय अधिकार पत्रको रुपमा रहेको यो महासन्धिको प्रमुख उद्देश्य महिला मानव अधिकारको संरक्षण गर्नु रहेको हुँदा यसले महिला समानता र विकास सम्बन्धी सबै पक्षहरु समेटेको छ । ६ भाग ३० वटा धारामा अनुबन्धित यो महासन्धिको धारा १८ मा पक्ष राष्ट्रहरुले महासन्धि अनुमोदन गरेको प्रत्येक चार चार वर्षमा महासन्धि कार्यान्वयको प्रगति प्रतिवेदन सिड (CEDAW) समितिमा पेश गर्नु पर्ने उल्लेख गरिएको छ ।उक्त प्रावधान बमोजिम पक्ष राष्ट्र भएको नाताले नेपाल सरकारले पनि प्रत्येक ४ (चार) वर्षमा सिड (CEDAW) समितिमा प्रतिवेदन पेश गर्ने गरेको छ । सो बमोजिम हाल सम्म नेपालले छ वटा प्रतिवेदन पठाइ उक्त प्रतिवेदन उपर समितिले नेपाल सरकारलाई निष्कर्ष सुझावहरु पनि दिइ सकेको छ । उक्त निष्कर्ष सुझावहरुमा उल्लेख गरिएको विषयको कार्यान्वयन गर्नु सरकारको दायित्व रहेको हुन्छ । सिड (CEDAW) महिला मानव अधिकार दस्तावेज भएको र सोको कार्यान्वयन गर्ने उद्देश्य सहित महिला मानव अधिकारको विषयमा काम गर्न संस्थागत व्यवस्था गर्दै नेपाल सरकारले राष्ट्रिय महिला आयोगको स्थापना गरेको विदितै रहेको छ ।सिड (CEDAW) ले लिएको लक्ष्य तथा उद्देश्यको पालना गर्न तथा गराउनको लागि विगत १८ वर्ष देखि राष्ट्रिय महिला आयोग महिला सरोकारका विषयमा विभिन्न काम गर्दै आइ रहेको छ । अन्तराष्ट्रिय सन्धि सम्झौताको कार्यान्वयन भए नभएको विषयमा अनुगमन गरी सो सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिन सक्ने राष्ट्रिय महिला आयोगको क्षेत्राधिकार समेत रहेको छ ।

सोही विषयलाई मध्यनजर गरी यस आयोगले उक्त विषयमा अनुगमन गरी प्रतिवेदन तयार गर्ने उद्देश्य स्वरुप UN-Women को सहयोगमा "Support to the National Women's Machinery to monitor the implementation of CEDAW Concluding Observations" परियोजना अन्तर्गत काम गरी रहेको छ । सिड (CEDAW) समितिले नेपालको छैठौं आवधिक प्रतिवेदन माथि दिएको निष्कर्ष र सुझावको बुँदा नं ४८ मा निष्कर्ष सुझावहरुको पूर्ण कार्यान्वयनका लागि यसलाई पक्ष राज्यको आधिकारिक भाषामा समयमा नै राज्यको सबै तहका सम्बन्धित निकायहरु (राष्ट्रिय, प्रदेशस्तर र स्थानीय) मा विशेष गरी मन्त्रालयहरु, संघीय संसद र न्यायपालिकामा प्रचार प्रसार गर्न समेत निर्देशन दिएको छ ।

सिड (CEDAW) समितिको निष्कर्ष र सुझावहरुलाई विभिन्न सरोकारवालाहरु समक्ष पुर्याउने उद्देश्य सहित यस आयोगबाट **"महिला विरुद्धका हुने सबै प्रकारको भेदभाव उन्मूलन सम्बन्धी महासन्धि (CEDAW) सँग सम्बन्धित श्रोत सामग्री"** नामक पुस्तक प्रकाशन गर्न लागिएको छ । समयमै यो पुस्तकलाई सरोकारवालाहरु समक्ष पुर्याउन सकेमा सबैमा यस सम्बन्धी जानकारी प्राप्त भई यसको कार्यान्वयनमा सहयोग पुग्नेछ भन्ने आशा गरिएको छ । अन्त्यमा, महिला विरुद्धका हुने सबै प्रकारको भेदभाव उन्मूलन सम्बन्धी महासन्धि अन्तर्गतको नेपालको छैठौं आवधिक प्रतिवेदन उपरको निष्कर्ष सुझावहरुलाई नेपालीमा अनुवाद गरेर सहयोग पुर्याउनु हुने संस्था महिला, कानून र विकास मञ्च (FWLD) लाई विशेष धन्यवाद छ ।यस परियोजना सन्चालनका लागि प्राविधिक सहयोग गर्नु हुने संस्था UN-Women लाई पनि धन्यवाद ज्ञापन गर्दछु । साथै यो पुस्तक प्रकाशन गर्नका लागि विभिन्न पक्षबाट सहयोग गर्नु हुने यस आयोगका उपसचिव कल्पना कुमारी खतिवडा, प्राविधिक सल्लाहकार पलिता थापा लगायत आयोगका सबै कर्मचारीहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

शान्ता अधिकारी भट्टराई
सचिव, राष्ट्रिय महिला आयोग

# विषयसूची


महिला विरूद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलनसम्बन्धी महासन्धि १

महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धिको इच्छाधिन आलेख, १९९९ १३

महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि अन्तर्गतको नेपालको छैठौं आवधिक प्रतिवेदन उपर निष्कर्ष टिप्पणी १९

संयुक्त राष्ट्रसंघीय महिलाविरूद्ध भेदभाव उन्मूलन समितिद्वारा जारी गरिएको कोभिड १९ सम्बन्धी मार्गदर्शन ३८

# महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलनसम्बन्धी महासन्धि

## महासभाद्वारा १८ डिसेम्बर १९७९ मा नं. ३४/१८० को प्रस्ताव पारित भई हस्ताक्षर, अनुमोदन तथा सम्मिलनको लागि खुला गरिएको

## लागू भएको मिति - धारा २७(१) अनुसार, ३ सेप्टेम्बर १९८१

**यस महासन्धिका पक्षराष्ट्रहरू,**

संयुक्त राष्ट्र संघको बडापत्रले आधारभूत मानव अधिकारहरूमा, मानवीय मूल्य तथा मर्यादामा र पुरुष एवं महिलाको समान अधिकारमा आफ्नो आस्था पुनः पुष्टि गरेको कुरालाई ध्यानमा राख्दै,

मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणाले भेदभावसम्बन्धी अमान्यताको सिद्धान्तलाई पुष्टि गरेको तथा सम्पूर्ण मानव स्वतन्त्र रुपमा एवं हक र मर्यादामा जन्मेका हुन्छन् तथा प्रत्येकलाई त्यसमा उल्लेखित हकहरू तथा स्वतन्त्रहरू लिङ्गको आधारमा हुने भेदभाव लगायत कुनै पनि प्रकारको भेदभाव विना उपभोग गर्न पाउनु पर्छ भन्ने कुराहरूलाई ध्यानमा राख्दै,

संयुक्त राष्ट्र संघ तथा विशिष्टिकृत संस्थाहरूको तत्वाधानमा पुरुष र महिलाबीच समान अधिकारको प्रवर्द्धन गर्न बनेका विभिन्न अन्तर्राष्टियू महासन्धिहरूलाई विचार गर्दै,

संयुक्त राष्ट्र संघ तथा विशिष्टिकृत संस्थाहरूले पुरुष तथा महिलाबीच समान अधिकारको सम्बन्धमा पारित गरेका प्रस्तावहरू, घोषणापत्रहरू तथा सिफारिसहरूलाई समते अवगत गर्दै,

यस्ता विभिन्न लिखतहरूको वावजुद पनि महिला विरुद्ध व्यापक भेदभाव अझै विधमान रहेको कुरालाई ध्यान दिंदै,

महिला विरुद्ध हुने भेदभावले अधिकारको समानतासम्बन्धी सिद्धान्तमा एवं मानव मर्यादाप्रतिको आदरभावले खलल पार्दछ, महिलाले पुरुषसँग समानताको आधारमा आफ्नो मुलुकको राजनैतिक, सामाजिक, आर्थिक तथा साँस्कृतिक जीवनमा सहभागी हुने स्थितिमा व्यवधान उत्पन्न गर्दछ, समाज तथा परिवारको समुन्नति तथा विकासमा अवरोध ल्याउँछ एवं आफ्नो मुलुकको तथा मानवताको सेवाको लागि महिलाको क्षमताको पूर्ण विकासलाई अवरुद्ध पार्दछ भन्ने कुराहरूलाई पुनः स्मरण गर्दै,

गरीबी अवस्थाले महिलालाई भोजन, स्वास्थ्य, शिक्षा, तालिम र रोजगारीका अन्य अवसरहरू प्राप्त गर्न तथा अन्य आवश्यकताहरू पूरा गर्नमा न्यून पहुँच हुन्छ भन्ने कुरामा केन्द्रित गर्दै,

समानता तथा न्यायमा आधारित अन्तर्राष्ट्रिय आर्थिक व्यवस्थाको स्थापनाबाट पुरुष तथा महिलाबीच समानताको अभिवृद्धिमा महत्वपूर्ण योगदान पुग्दछ भन्ने कुरामा निश्चित हुँदै,

रंगभेद, सबै प्रकारका वर्णभेदहरू, वर्णका आधारमा हुने भेदभावहरू, उपनिवेवाद, नव–उपनिवेशवाद, अतिक्रमण, वैदेशिक कब्जा तथा आधिपत्य र राष्ट्रको आन्तरिक मामिलामा हस्तक्षेप समेत सबै कुराको उन्मूलन गर्नु पुरुष तथा महिलाको अधिकार उपभोगको लागि आवश्यक छ भन्ने कुरामा जोड दिंदै,

अन्तर्राष्ट्रिय शान्ति तथा सुरक्षाको सुदृढिकरण, अन्तर्राष्ट्रिय तनावमा शिथिलता, सामाजिक तथा आर्थिक प्रणाली जस्तै भए पनि राष्ट्रहरूबीच आपसी सहयोग, सबै प्रकारका तथा सम्पूर्ण निशस्त्रीकरण, खास गरेर कडा एवं प्रभावकारी अन्तर्राष्ट्रिय नियन्त्रण अन्तर्गत आणविक निशस्त्रीकरण, राष्ट्रहरूको बीचको सम्बन्ध न्यायपूर्ण, समानता तथा आपसी हितको आधारमा हुनुपर्ने सिद्धान्तको समर्थन, वैदेशिक वा औपनिवेशिक आधिपत्यमा रहेका वा विदेशी कब्जामा रहेका जनताहरूको आत्म–निर्णय तथा स्वतन्त्रताको अधिकार प्राप्तिका साथ साथै राष्ट्रिय सार्वभौमिकताको एवं क्षेत्रीय अखण्डता समेतबाट सामाजिक उन्नति तथा विकासको सम्बर्द्धन हुन्छ र त्यसको परिणामले पुरुष तथा महिलाबीच पूर्ण समानता प्राप्तिमा योगदान गर्दछ भन्ने कुरालाई जोड दिंदै,

मुलुकको पूर्ण तथा सर्वाङ्गिण विकासमा, विश्वको हित एवं शान्ति प्राप्तिमा महिलाको पुरुषसँग प्रत्येक क्षेत्रमा बराबरको आधारमा अधिकतम सहभागिता आवश्यक छ भन्ने कुरामा निश्चित हुँदै,

परिवारको हित तथा समाजको उत्थानमा महिलाबाट हुने ठूलो योगदानलाई अहिलेसम्म पूर्ण मान्यता प्राप्त भै नसकेको भए तापनि मातृत्वको सामाजिक महत्व तथा परिवारको सन्दर्भमा बालबालिकाको पालन पोषण आमाबाबु दुवैको भूमिकालाई बुझी, महिलाको सन्तान उत्पादन गर्ने विशेषतालाई भेदभावको आधार बनाउनु हुँदैन भन्ने कुरालाई हृदयंगम गरी, बालबालिकाको पालन पोषणको जिम्मेवारीमा पुरुष र महिला लगायत सम्पूर्ण समाज पनि भागिदार बन्नु पर्दछ भन्ने कुरालाई महशुस गर्दै,

पुरुष तथा महिलाका बीचमा पूर्ण समानता प्राप्तिको लागि समाजमा तथा परिवारमा पुरुषको भूमिका तथा महिलाको भूमिकासम्बन्धी परम्परागत सोचाईमा परिवर्तन गर्नुपर्ने आवश्यकतालाई महसुस गर्दै,

महिला विरुद्धको भेदभाव उन्मूलनसम्बन्धी घोषणामा उल्लेखित सिद्धान्तहरूको कार्यान्वयन गर्न तथा त्यस प्रयोजनको लागि सबै प्रकार प्रकृतिको यस्तो भेदभावलाई निर्मूल गर्न आवश्यक पर्ने उपायहरू अपनाउन संकल्प गर्दै,

निम्न लिखित कुरामा सहमत हुन्छन् –

## भाग १

### धारा १

यस महासन्धिको प्रयोजनको लागि "महिला विरुद्ध भेदभाव" भन्नाले महिलाले राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक वा अरु कुनै विषयसम्बन्धी मानव अधिकार तथा स्वतन्त्रतालाई, आफ्नो वैवाहिक स्थिति जे जस्तो रहेको भए तापनि पुरुष र महिलाको समानताको आधारमा उपभोग गर्नमा वा प्रयोग गर्नमा व्यवधान पार्ने वा त्यसको मान्यतालाई नै क्षति वा शून्यकरण पार्ने उद्देश्य भएको, लिङ्गको आधारमा हुने कुनै पनि भेदभाव वा बहिष्कार वा प्रतिबन्ध सम्झनु पर्दछ।

### धारा २

पक्षराष्ट्रहरू महिला विरुद्ध गरिने सबै भेदभावको भर्त्सना गर्दछन्। महिला विरुद्ध गरिने सबै भेदभावलाई उन्मूलन पार्ने नीति उपयुक्त तरिकाबाट अविलम्ब अपनाउन मन्जुर गर्दछन् तथा यसको लागि देहायका काम गर्न कबूल गर्दछन् :

क) महिला र पुरुषमा समानताको सिद्धान्तलाई आफ्नो देशको संविधान वा अन्य उपयक्तु कानूनमा पहिले नै समावेश गरी नसकिएको भए त्यसलाई समावशे गर्ने तथा यस सिद्धान्तलाई कानून वा अन्य माध्यमबाट व्यावहारिक रुपमा साकार पार्ने,

ख) महिला विरुद्धका सम्पूर्ण भेदभावलाई प्रतिबन्ध लगाउन व्यवस्थापकीय तथा अन्य उपायहरू अपनाउने तथा आवश्यक भएमा दण्ड सजायको समेत व्यवस्था गर्ने,

ग) पुरुषहरू सरह समन आधारमा महिला अधिकारहरूको कानूनी संरक्षणको व्यवस्था तथा महिला विरुद्ध कुनै पक्ष न्यायाधीकरण र अन्य सार्वजनिक निकायहरू मार्फत प्रभावकारी रुपमा संरक्षण सुनिश्चित गर्ने,

घ) महिला विरुद्ध भेदभाव हुने कुनै पनि कार्य वा व्यवहारमा सरिक नभई अलग रहने र सार्वजनिक अधिकारीहरू तथा संस्थाहरूले यी दायित्व अनुरुप काम गर्नेछन् भन्ने कुरा सुनिश्चित गर्ने,

ङ) कुनै पनि व्यक्ति, संस्था वा उद्योगबाट महिला विरुद्ध हुने भेदभावलाई उन्मूलन गर्न आवश्यक सम्पूर्ण उपायहरू अवलम्बन गर्ने,

च) महिला विरुद्ध भेदभाव गराउने प्रचलित कुनै पनि नियम कानून, परम्परा तथा प्रचलनहरूलाई सुधार गर्ने वा हटाउने गरी कानून बनाउने लगायत आवश्यक पर्ने सम्पूर्ण उपायहरू अवलम्बन गर्ने,

छ) महिला विरुद्ध भेदभाव गराउने सम्पूर्ण राष्ट्रिय दण्ड व्यवस्थाहरू खारेज गर्ने।

## धारा ३

पक्षराष्ट्रहरूले महिलाको पूर्ण विकास तथा प्रवर्द्धन सुनिश्चित गरी पुरुष सरह समानताको आधारमा मानव अधिकार तथा मौलिक स्वतन्त्रताको प्रयोग तथा उपभोगलाई प्रत्याभूति दिलाउनका लागि सबै सम्बद्ध क्षेत्र खास गरेर राजनीतिक, सामाजिक, आर्थिक एवं सांस्कृतिक क्षेत्रका कानूनी व्यवस्था लगायतका सम्पूर्ण उपयुक्त कदमहरू चाल्नेछन्।

## धारा ४

१. पक्षराष्ट्रहरूले पुरुष तथा महिलाबीच वास्तविक द्रुतत्तर गतिमा कायम गराउन कुनै अस्थायी विशेष उपायहरू अपनाएका रहेछन् भने त्यस्ता उपायहरूलाई यस महासन्धिमा परिभाषित गरिए बमोजिमको भेदभाव पूर्ण व्यवहार भएको मानिने छैन, तर त्यसको परिणाम स्वरुप यस्ता उपायहरू कुनै पनि हालतमा असमान वा भिन्न स्तरलाई कायमै राख्न दिने प्रकारको हुन सक्ने छैन। अवसर र व्यवहारमा समानताको उद्देश्य प्राप्त भएपछि यी उपायहरूलाई अन्त्य गरिनु पर्नेछ।

२. पक्षराष्ट्रहरूबाट मातृत्व संरक्षणको लागि यस महासन्धिमा व्यवस्था गरिएका उपायहरू लगायत अन्य विशेष उपायहरू अपनाइएको कुरालाई भेदभावपूर्ण कार्य भएको मानिने छैन।

## धारा ५

पक्षराष्ट्रहरूले देहायको प्रयोजनको लागि चाहिने सम्पूर्ण उपयुक्त कदमहरू चाल्नेछन् :

क) पुरुष तथा महिलासम्बन्धी पुरातन भूमिकामा आधारित वा कुनै खास लिङ्गको महत्ताभाष वा लघुताभाषमा आधारित दूराग्रहको तथा परम्परागत एवं अन्य प्रकारका प्रचलनहरूलाई उन्मूलन गर्ने उद्देश्य प्राप्तका लागि पुरुष तथा महिलाहरूमा रहेको स्वाभाविक प्रकृतिका सामाजिक तथा साँस्कृतिक आचरण पद्धतिलाई बदल्ने,

ख) बालबालिकाको हितलाई जुनसुकै हालतमा पनि सर्वोपरी ध्यान दिइनेछ भन्ने कुरालाई मध्यनजर राख्दै मातृत्व भनेको एक सामाजिक कार्य हो भन्ने कुरालाई राम्रासँग बुझाउने तथा आफ्ना बालबालिकाको पालन पोषण एवं विकासमा पुरुष तथा महिलाको समान जिम्मेवारी रहेको हुन्छ भन्ने कुरा पारिवारिक शिक्षामा पर्दछ भन्ने कुरालाई

सुनिश्चित गर्ने ।

### धारा ६

पक्षराष्ट्रहरूले महिलाको किनबेच तथा महिलाको वेश्यावृत्तिको शोषणलगायत सबै प्रकारका कार्यलाई दमन गर्ने कानून बनाउन सबै आवश्यक कदमहरू चाल्नेछन्ः

## भाग २

### धारा ७

पक्षराष्ट्रहरूले मुलुकको राजनीतिक तथा सार्वजनिक जीवनमा महिला विरुद्धको भेदभाव उन्मूलन गर्न तथा खास गरी बराबरीको आधारमा पुरुष सरह महिलालाई देहायका अधिकारहरू उपलब्ध गराउन आवश्यक कदमहरू चाल्नेछन्ः

क) सबै निर्वाचनहरू तथा जनमत संग्रहहरूमा मत दिने अधिकार तथा सार्वजनिक पद धारण गर्न सबै सरकारी तहहरूमा हुने सार्वजनिक क्रियाकलाप सम्पादन गर्ने अधिकार,

ख) मुलुकको सार्वजनिक तथा राजनैतिक जीवनसगँ सम्बन्धित गैरसरकारी संस्था तथा संगठनहरूमा भाग लिन पाउने अधिकार ।

### धारा ८

पक्षराष्ट्रहरूले महिलालाई पुरुष सरह समान आधारमा तथा विना कुनै भेदभाव अन्तर्राष्ट्रिय प्रतिनिधित्व गर्न पाउने अवसर तथा अन्तर्राष्ट्रिय संगठनहरूको कार्यमा भाग लिन पाउने अवसर सुनिश्चित गर्न सबै उपयुक्त कदमहरू चाल्नेछन् ।

### धारा ९

१. पक्षराष्ट्रहरूले महिलालाई पुरुष सरह राष्ट्रियता प्राप्त गर्ने, परिवर्तन गर्ने वा धारण गर्ने समान अधिकार प्रदान गर्नेछन् । तिनीहरूले खास गरेर विदेशीसँग विवाह गरेको कारणबाट वा विवाहित अवस्थामा पतिले राष्ट्रियता परिवर्तन गरेको कारणबाट पत्नीको राष्ट्रियता स्वतः परिवर्तन नहुने, निजलाई राज्यविहिन नतुल्याईने वा पतिको राष्ट्रियता ग्रहण गर्न बाध्य हुनु नपर्ने व्यवस्था सुनिश्चित गर्नेछन् ।

२. पक्षराष्ट्रहरूले बालबालिकाको राष्ट्रियताको सम्बन्धमा महिलालाई पुरुष सरह समान अधिकार प्रदान गर्नेछन् ।

## भाग ३

### धारा १०

पक्षराष्ट्रहरूले महिलालाई शिक्षाको क्षेत्रमा पुरुष सरह समान अधिकार प्राप्तिको व्यवस्था सुनिश्चित गर्नको लागि महिला विरुद्ध हुने भेदभाव उन्मूलन गर्न सबै आवश्यक कदमहरू चाल्नेछन् र महिला र पुरुषको समानताको आधारमा खास गरेर देहायका कुराहरू सम्बन्धी व्यवस्था सुनिश्चित गर्नेछन् :

क) ग्रामीण तथा शहरी क्षेत्रमा अवस्थित सबै प्रकारका शिक्षण संस्थामा अध्ययन गर्न र उपाधि हासिल गर्न पाउनको लागि जीविकाको तथा व्यवसायको जानकारी पाउने समान अवसरको व्यवस्था, यस प्रकारको समानता पूर्व विद्यालय शिक्षा, साधारण शिक्षा, प्राविधिक शिक्षा, पेशागत शिक्षा तथा उच्च प्राविधिक शिक्षा एवं सबै प्रकारका

व्यावसायिक प्रशिक्षणको सम्बन्धमा उपलब्ध हुने कुरा सुनिश्चित गरिनेछ,

ख) एउटै पाठ्यक्रम, एउटै परीक्षा, एकै स्तरको योग्यता प्राप्त शिक्षक तथा उस्तै प्रकारको विद्यालय भवन तथा उपकरणमा शिक्षा पाउने अवसरको व्यवस्था,

ग) सबै प्रकारका तथा तहको शिक्षामा देखा पर्ने गरेको पुरुष तथा महिलाको भूमिका नै फरक छ भनी पुरातनवादी धारणालाई उन्मूलन गर्न तथा यस लक्ष्य प्राप्तिको लागि सहायक हुने सह–शिक्षा तथा अन्य प्रकारका शिक्षण विधिलाई प्रोत्साहित दिने र खास गररे पाठय् पुस्तकहरू तथा विद्यालय कार्यक्रमहरूमा परिवर्तन गर्ने एवं सोही बमोजिमको शिक्षण विधि अपनाउने,

घ) छात्रवृत्ति तथा अन्य प्रकारका अध्ययन अनुदानसम्बन्धी फाइदा प्राप्त गर्नको लागि समान अवसर उपलब्ध गराउने,

ङ) प्रौढ शिक्षा तथा कार्यगत साक्षरता कार्यक्रमलगायतका स्थायी शिक्षण कार्यक्रमहरूमा, खास गरेर पुरुष तथा महिलाका बीचमा शैक्षिक अन्तरलाई जति सक्दो चाँडो कम गर्ने लक्ष्य रहेका कार्यक्रममा सरिक हनु समान अवसर दिलाउने,

च) पढाई छाड्ने छात्राहरूको सक्रिय रुपमा भाग लिन पाउने समान अवसर प्रदान गर्ने,

छ) खेलकूद तथा शारीरिक शिक्षामा सक्रिय रुपमा भाग लिन पाउने समान अवसर प्रदान गर्ने,

ज) परिवार नियोजनसम्बन्धी सूचना एवं सल्लाहलगायतका परिवारको स्वास्थ्य तथा समृद्धि सुनिश्चित गर्न सहायक हुने शैक्षिक जानकारी दिलाउने।

## धारा ११

१. पक्षराष्ट्रहरूले रोजगारीको क्षेत्रमा महिलालाई पुरुष सरह समानताको आधारमा हक सुनिश्चित गराउनको लागि महिला विरुद्धको सबै प्रकारको भेदभाव उन्मूलन गर्न सबै आवश्यक कदम चाल्नेछन् र खास गरेर देहायका अधिकारहरूको प्राप्ति सुनिश्चित गर्नेछन् :

   क) समस्त मानव जातीयको अविच्छेद अधिकारको रुपमा काम गर्ने अधिकार दिलाउने,

   ख) रोजगारीमा नियुक्तिको लागि छनौट गरिंदा समान प्रक्रिया प्रयोग गरिने लगायत रोजगारीको समान अवसरको अधिकार,

   ग) स्वतन्त्र रुपमा पेशा तथा रोजगारी चयन गर्न पाउने अधिकार, बढुवा हुन पाउने, सेवाको सुरक्षा पाउने तथा सेवामा तमाम शर्तहरू एवं फाइदाहरू उपभोग गर्न पाउने अधिकार र सिक्ने सुविधालगायत व्यावसायिक तालिम तथा पुनः तालिम पाउने, उच्च व्यावसायिक तालिम तथा समय समयमा तालिम पाउने अधिकार,

   घ) समान सुविधा सहितको समान पारिश्रमिक पाउने अधिकार समान मूल्यको कामको लागि समान व्यवहार पाउने अधिकार तथा कामको गुणात्मक मूल्यांकन हुँदा समान व्यवहार पाउने अधिकार,

   ङ) सामाजिक सुरक्षाको अधिकार, खास गरेर निवृत्त भएकोमा, बेरोजगारीमा, बिरामी परेकोमा, अशक्त भएकोमा तथा वृद्धावस्थामा र काम गर्न अन्य तवरबाट अशक्त भएको अवस्थामा समेत सामाजिक सुरक्षा पाउने अधिकार एवं पूरा तलब सहित विदा लिन पाउने अधिकार,

च) प्रजनन पद्धतिको बचाउ हुने गरी स्वास्थ्यको संरक्षण पाउने अधिकार एवं कार्यगत अवस्थामा सुरक्षाको अधिकार।

२. विवाह वा मातृत्वको आधारमा महिला विरुद्ध हुने भेदभाव रोक्न तथा तिनीहरूको काम गर्ने अधिकारलाई सक्षमताका साथ उपलब्ध गराउन पक्षराष्ट्रहरूले देहायको कुरामा उपयुक्त कदम चाल्नेछन्ः

क) लगाइएका नियन्त्रण व्यवस्थाको अधीनमा रही गर्भवती वा प्रसूति विदाको आधारमा पदच्यूत गर्न नपाउने तथा अन्य अवस्थामा पदच्यूत गर्दा पनि वैवाहिक स्थितिको आधारमा भेदभाव गर्न नपाउने गरी प्रतिबन्ध लगाउने,

ख) नोकरीबाट वा परिष्टताक्रमबाट वा सामाजिक भत्ताबाट वन्चित हुनु नपर्ने गरी पूरा तलब सहितको प्रसूती विदा वा सोही सरहको सामाजिक फाइदाहरू पाउने व्यवस्था प्रारम्भ गर्ने,

ग) बाबु आमाहरूलाई आफ्नो कार्यगत जिम्मेवारी साथ साथै पारिवारिक दायित्व पनि निर्वाह गर्न सक्ने तथा सार्वजनिक जीवनमा सरिक हुन सक्ने तुल्याउन, खास गरेर बाल स्याहार सुविधा प्रणालीको स्थापना गरेर एवं विकास कार्यलाई प्रवर्द्धन गरेर, आवश्यक सहायक सामाजिक सेवाहरूको व्यवस्थालाई प्रोत्साहन दिने,

घ) गर्भवती महिलालाई हानिकारक हुने भनी प्रमाणित भएका काममा लगाउन नपाउने गरी विशेष संरक्षण प्रदान गर्ने।

३. यसै धारामा वर्णन गरिएका कुराहरूसँग सम्बन्धित संरक्षणात्मक कानूनी व्यवस्थाहरूलाई तत्काल प्रचलित वैज्ञानिक तथा प्राविधिक ज्ञानका आधारमा समय समयमा पुनरावलोकन गरिनेछ र आवश्यकता अनुसार परिवर्तन खारेज वा विस्तृत गरिनेछ।

## धारा १२

१. पक्षराष्ट्रहरूले महिलालाई परिवार नियोजनसँग सम्बन्धित कुराहरू लगायत स्वास्थ्य स्याहार सेवासम्बन्धी कुरा पुरुष सरह समानताको आधारमा उपलब्ध गराउन स्वास्थ्य क्षेत्रमा महिला विरुद्ध हुने भेदभाव उन्मूलन गर्नका लागि सबै उपयुक्त कदमहरू चाल्नेछन्।

२. यस धाराको प्रकरण १ मा जुनसुकै कुरा लेखिएको भए तापनि पक्षराष्ट्रहरूले महिलालाई गर्भ धारणको समयमा, प्रसूतिको समयमा तथा सुत्केरी भइसकेपछिको अवधिका सम्बन्धमा चाहिंदो सेवाहरू, एवं गर्भवती समय तथा स्तनपानको समयमा पर्याप्त पोषण उपलब्ध गराउन साथै आवश्यकताअनुसार निःशुल्क सेवा समेतको आवश्यक व्यवस्था गर्नेछन्।

## धारा १३

पक्षराष्ट्रहरूले महिलालाई पुरुष सरह समानताको आधारमा समान प्रकारका अधिकारहरू, खास गरेर देहायका अधिकारहरू उपलब्ध गराउनको लागि आर्थिक तथा सामाजिक जीवनको अन्य क्षेत्रहरूमा महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनको लागि सबै उपयुक्त कदमहरू चाल्नेछन्ः

क) पारिवारिक लाभ भोग्न पाउने अधिकार,

ख) बैंक कर्जा पाउने, बन्धकी राख्ने तथा अन्य प्रकारका आर्थिक ऋण प्राप्त गर्न पाउने अधिकार,

ग) खेलकूदमा, मनोरञ्जनका गतिविधिमा तथा साँस्कृतिक जीवनका समस्त पक्षहरूमा सहभागी हुन पाउने अधिकार।

## धारा १४

१. पक्षराष्ट्रहरूले गाउँले महिलाले भोगी रहेका खास समस्याहरू तथा ती गाउँले महिलाले परिवारको आर्थिक उन्नतिमा तथा विना मूल्यमा गरिएका आर्थिक योगदान लगायत आर्थिक व्यवस्थामा तिनीहरूले खेलेको महत्वपूर्ण भूमिका प्रति ध्यान दिनेछन् र यस महासन्धिको व्यवस्थाहरू ती ग्रामीण क्षेत्रका महिलामा लागू गराउन सबै उपयुक्त कदमहरू चाल्नेछन्।

२. पक्षराष्ट्रहरूले ग्रामीण क्षेत्रका महिलाले पुरुष सरह समानताको आधारमा ग्रामीण विकासमा सहभागी हुन पाउन् र त्यसबाट पाउने फाइदा भोग्न पाउन् भन्ने कुरा एकीन गर्नको लागि ग्रामीण क्षेत्रका महिला विरुद्ध हुने भेदभावलाई उन्मूलन गर्न सबै प्रकारका कदमहरू चाल्नेछन् र खास गरेर त्यस्ता महिलालाई देहायका अधिकार उपलब्ध गराउनेछन् :

क) विकास याजे नाको विस्तृतिकरण तथा कार्यान्वयनका सबै तहमा भाग लिन पाउने,

ख) परिवार नियोजनका सूचना, सल्लाह र सेवालगायत पर्याप्त स्वास्थ्य स्याहार सुविधा पाउने,

ग) सामाजिक सुरक्षा कार्यक्रमबाट प्रत्यक्ष लाभ प्राप्त गर्ने,

घ) कार्यगत साक्षरतालगायत सबै प्रकारका औपचारिक तथा अनौपचारिक तालिम र शिक्षा प्राप्त गर्ने एवं अन्य कुराका अतिरिक्त उनीहरूको प्राविधिक क्षमता वृद्धि गराउनको लागि सबै सामुदायिक तथा विस्तार सेवाहरूबाट फाइदा प्राप्त गर्ने,

ङ) रोजगारी तथा आत्म–रोजगारीद्वारा आर्थिक अवसरहरूमा समान पहुँचको लागि स्वावलम्बन समूहहरू तथा साझा संस्थाहरू गठन गर्न पाउने,

च) समस्त सामुदायिक कृयाकलापमा भाग लिने,

छ) कृषि कर्जा तथा ऋण, बजार, सुविधा, उपयुक्त प्रविधि प्राप्त गर्न सक्ने तथा भूमिसम्बन्धी र कृषि सुधार एवं जग्गा जमिन पुनर्व्यवस्था योजना सम्बन्धमा समान प्रकारको व्यवहार पाउने,

ज) जीवन यापनका उपयुक्त अवस्थाहरू खास गरेर आवास, सरसफाई विद्युत तथा खानेपानीको व्यवस्था, यातायात तथा संचारसम्बन्धी व्यवस्थाहरू उपभोग गर्न पाउने।

# भाग ४

## धारा १५

१. पक्षराष्ट्रहरूले कानूनको दृष्टिमा महिलालाई पुरुष सरहको समानता प्रदान गर्नेछन्।

२. पक्षराष्ट्रहरूले महिलालाई देवानी मामिलामा पुरुष सरहको कानूनी क्षमता प्रदान गर्ने छन् र त्यस्तो क्षमता उपभोग गर्न पाउने समान अवसर प्रदान गर्ने छन्। खास गरेर तिनीहरूले महिलालाई करार सम्पन्न गर्न पाउने तथा सम्पत्ति संचालन गर्न पाउने अधिकार प्रदान गरी अदालत तथा न्यायाधिकरण समक्ष हुने कार्यविधिका सबै अवस्थामा समान व्यवहार गर्ने छन्।

३. महिलाको कानूनी क्षमतालाई नियन्त्रण गर्ने किसिमका कानूनी मान्यता प्राप्त कुनै पनि किसिमका करार तथा तमाम निजी लिखतहरू बदर हुनेछन् तथा गैरकानूनी मानिने छन् भन्ने कुरा पक्षराष्ट्रहरू मन्जुर गर्दछन्।

४. व्यक्तिको घुमफिर गर्न पाउने अधिकार तथा आफ्नो वासस्थान एवं निवास छान्न पाउने स्वतन्त्रतासम्बन्धी कानूनमा पुरुष तथा महिलालाई समान अधिकार प्रदान गर्न पक्षराष्ट्रहरू मन्जुर गर्दछन्।

### धारा १६

१. पक्षराष्ट्रहरूले विवाह तथा पारिवारिक सम्बन्ध बारेको कुराहरूमा महिला विरुद्धको भेदभाव उन्मूलन गर्न सबै उपयुक्त कदमहरू चाल्नेछन् तथा खास गररे दहोयका व्यवस्था पुरुष तथा महिलामा समानताको आधारमा लागू गराउने छन् :

क) विवाह गर्ने समान अधिकार हुने,

ख) आफ्नो जीवनसाथी स्वतन्त्र रुपले छान्न पाउने तथा उनीहरूको स्वतन्त्र र पूर्ण सहमतिमा मात्र विवाह हुने गरी समान अधिकार दिलाउने,

ग) विवाह पर्यन्त तथा सम्बन्ध विच्छेद पश्चात्को अवस्थामा समान अधिकार तथा दायित्व दिलाउने,

घ) विवाहको स्थिति जे जस्तो रहेता पनि बालबच्चासम्बन्धी कुराहरूमा बाबुआमा दुवैलाई समान अधिकार तथा दायित्व दिलाउने, यस कुरामा सदैव बालबालिकाको हितलाई सर्वोपरि ध्यान दिने,

ङ) आफ्नो बालबच्चाको संख्या तथा तिनीहरूको जन्मान्तरको सम्बन्धमा स्वतन्त्र एवं जिम्मेवारीपूर्वक निर्णय गर्न पाउने समान अधिकार हुने/दिलाउने तथा ती अधिकारहरू प्रभावकारी ढंगबाट गर्न सक्ने तुल्याउन जो चाहिने जानकारी शिक्षा तथा साधन उपलब्ध गराउने,

च) बालबालिकाको संरक्षकत्व, संरक्षण, गुठीयारको हैसियत तथा दत्तक ग्रहण गर्ने सम्बन्धमा, अथवा कुनै मुलुकको राष्ट्रिय कानूनी व्यवस्थामा यो कुरा लागू रहेछ भने त्यस्ता संस्थाको सम्बन्धमा, महिलालाई पनि समान अधिकार तथा जिम्मेवारी दिलाउने, यस कुरामा सदैव बालबालिकाको हितलाई सर्वोपरि ध्यान दिने,

छ) कुनै पनि पारिवारिक नाम, पेशा तथा वृत्ति चयन गर्न पाउने अधिकार लगायत पति वा पत्नीको रुपमा दुवैमा समान वैयक्तिक अधिकार दिलाउने,

ज) सम्पत्तिको सम्बन्धमा निःशुल्क वा सशुल्क रुपमा स्वामित्व, प्राप्ति, बन्दोबस्त, प्रशासन, उपयोग तथा बेचबिखन गर्न पाउने गरी पति पत्नी दुवैलाई समान अधिकार दिलाउने,

झ) बालकको वैवाहिक वाक्दान र बालविवाहको कुनै पनि कानूनी मान्यता हुनेछैन। विवाह गर्ने न्यूनतम उमरे निर्धारण गर्ने कानूनीलगायत सबै आवश्यक व्यवस्था गरिनेछ र औपचारिक विवाह दर्ता किताबमा विवाह दर्ता गर्न अनिवार्य गरिनेछ।

## भाग ५

### धारा १७

१. यस महासन्धिको कार्यान्वयनसम्बन्धी प्रगतिको लेखाजोखा गर्नका लागि यो महासन्धिको व्यवस्था गरेको कुराहरूका सम्बन्धमा उच्च नैतिक मर्यादा तथा क्षमता भएका विशेषज्ञहरू मध्येबाट यो महासन्धि प्रारम्भ हुने

विक्तिकै १८ जना र यो महासन्धिलाई पैंतीस पक्षराष्ट्रहरूले अनुमोदन वा सम्मिलन गरेपछि २३ जना विशेषज्ञहरू भएको एउटा "महिला विरुद्ध भेदभाव उन्मूलन समिति" (यसपछि "समिति" भनिएको गठन गरिनेछ । यी विशेषज्ञहरू समानुपातिक भौगोलिक वितरण पद्धति अनुसार तथा भिन्न भिन्न सभ्यताको एवं प्रमुख कानुनी प्रणालीको प्रतिनिधित्व हुने गरी पक्षराष्ट्रहरूले आ–आफ्नो नागरिकहरूबाट निर्वाचित गर्नेछन् र तिनीहरूले व्यक्तिगत हैसियतमा काम गर्नेछन् ।

२. पक्षराष्ट्रहरूबाट मनोनित व्यक्तिहरूको सूचिबाट गोप्य मतपत्रको तरिकाबाट समितिका सदस्यहरू निर्वाचित हुनेछन् । प्रत्येक पक्षराष्ट्रहरूले आफ्ना नागरिकहरू मध्ये एकजना व्यक्तिमात्र मनोनित गर्न पाउनेछन् ।

३. यो महासन्धि प्रारम्भ भएका मितिले ६ महिनापछि प्रारम्भिक निर्वाचन हुनेछ । प्रत्येक निर्वाचन हुने मिति भन्दा कम्तिमा ३ महिना अगावै संयुक्त राष्ट्र संघको महासचिवले पक्षराष्ट्रहरूलाई आ–आफ्नो मनोनयनपत्रहरू दुई महिनाभित्र दाखिल गर्न आव्हान गर्दै पत्र पठाउनेछन् । महासचिवले प्राप्त मनोनयनहरूको आधारमा मनोनयन गर्ने पक्षराष्ट्रहरूको नाम समेत जनाई वर्णानुक्रम अनुसारको एउटा सूची बनाउनेछन् र सो सूची पक्षराष्ट्रहरूलाई पठाउनेछन् ।

४. समितिका सदस्यहरूले निर्वाचन संयुक्त राष्ट्र संघको प्रधान कार्यालयमा महासचिवले आयोजना गरेको पक्षराष्ट्रहरूको बैठकमा हुनेछ । यस बैठकको लागि दुई तिहाई पक्षराष्ट्रहरूको उपस्थितिलाई गणपूरक संख्या पुगेको मानिनेछ । बैठकमा उपस्थित भई मतदान गर्ने पक्षराष्ट्रहरूका प्रतिनिधिहरूको स्पष्ट बहुमत प्राप्त गरी सबैभन्दा बढी मत प्राप्त गर्ने त्यस्ता मनोनित व्यक्तिहरू नै समितिको सदस्यमा निर्वाचित भएको मानिनेछ ।

५. समितिका सदस्यहरू चार वर्षको अवधिका लागि निर्वाचित हुनेछन् । पहिलो निर्वाचनमा निर्वाचित सदस्यमध्ये नौ जनाको पदावधि दुई वर्षमा समाप्त हुनेछ । पहिलो निर्वाचन भएको लगत्तैपछि समितिका अध्यक्षले त्यस्ता नौ जना सदस्यहरूको नाम गोलाप्रथाद्वारा छुट्याउने छन् ।

६. समितिको पाँच जना अतिरिक्त सदस्यहरूको निर्वाचन पैंतिसौं अनुमोदन वा सम्मिलन प्राप्त भएपछि यसै धाराको प्रकरण २, ३ र ४ मा भएका व्यवस्थाहरू अनुसार गरिनेछ । यस पटक निर्वाचित अतिरिक्त सदस्यहरूमध्ये दुई जना सदस्यहरूको पदावधि दुई वर्ष पूरा भएपछि समाप्त हुनेछ । त्यस्ता दुई जना सदस्यहरूको नाम समितिका अध्यक्षले गोलाप्रथाद्वारा छाने बमोजिम हुनेछ ।

७. बीचमा पर्न आउने रिक्त पदको पूर्ति गर्दा जुन पक्षराष्ट्रको विशेषज्ञले सो समितिको सदस्यताको रिक्तता सिर्जना गरेको हो सोही पक्षराष्ट्रले समितिको स्वीकृति प्राप्त गरी आफ्ना नागरिकहरू मध्ये अर्को विशेषज्ञ नियुक्त गर्नेछ ।

८. समितिका सदस्यहरूले समितिको कामको महत्वलाई ध्यान राखी महासभाले निर्धारण गरिदिए बमोजिमको शर्त तथा व्यवस्था अनुसार महासभाबाट स्वीकृति भए बमोजिम संयुक्त राष्ट्र संघको श्रोतबाट पारिश्रमिक प्राप्त गर्ने छन् ।

९. यस महासन्धि अनुसार समितिले गर्नुपर्ने कामको प्रभावकारी कार्यान्वयनको लागि संयुक्त राष्ट्र संघको महासचिवले आवश्यक कर्मचारी र सुविधाहरू उपलब्ध गराउनेछन् ।

## धारा १८

१. पक्षराष्ट्रले यो महासन्धिका व्यवस्थाको कार्यान्वयनको लागि अपनाइएका व्यवस्थापकीय, न्यायिक, प्रशासकीय तथा अन्य कदमहरू सम्बन्धी तथा यस सम्बन्धमा भएका प्रगति बारेको प्रतिवेदन समितिको विचारार्थ देहायको

अवधिमा संयुक्त राष्ट्र संघको महासचिव समक्ष पेश गर्ने कबूल गर्दछन्ः

क) सम्बन्धित राष्ट्रको हकमा प्रारम्भ भएको मितिले एक वर्ष भित्र,

ख) तत्पश्चात् कम्तीमा प्रत्येक चार वर्षमा तथा समितिले अनुरोध गरेको समयमा।

२. प्रतिवेदनमा यो महासन्धिका दायित्वहरू पूरा गर्नमा व्यवधान पार्ने तत्वहरू तथा अवरोधहरू समेत उल्लेख गर्न सकिनेछ।

## धारा १९

१. समितिले आफ्नो कार्यविधिसम्बन्धी नियमहरू आफै निर्धारण गर्नेछ।

२. समितिले दुई वर्षको पदावधिको लागि आफ्ना पदाधिकारीहरू आफैँ छान्नेछ।

## धारा २०

१. यस महासन्धिको धारा १८ अनुसार पेश गरिएका प्रतिवेदनहरू माथि विचार विमर्श गर्नका लागि समितिको बैठक प्रत्येक वर्ष सामान्यतः बढीमा दुई हप्ताको अवधिको लागि बस्नेछ।

२. समितिको बैठक सामान्यतः संयुक्त राष्ट्र संघको प्रधान कार्यालयमा वा समितिले निर्धारण गरेको अन्य कुनै उपयुक्त ठाउँमा बस्नेछ।

## धारा २१

१. समितिले आफूले गरेको कामको सम्बन्धमा प्रत्येक वर्ष आर्थिक तथा सामाजिक परिषद् मार्फत संयुक्त राष्ट्र संघको महासभामा प्रतिवेदन पेश गर्नेछ र पक्षराष्ट्रहरूबाट प्राप्त प्रतिवेदनहरू तथा जानकारीहरूका सम्बन्धमा गरिएको जाँचबुझको आधारमा समितिले आफ्नो सुझाव तथा साधारण सिफारिसहरू गर्न सक्नेछ। यस्ता सुझावहरू तथा साधारण सिफारिस र त्यसको सम्बन्धमा पक्षराष्ट्रहरूबाट कुनै टिकाटिप्पणी प्राप्त भएको भए सो समेत समितिको प्रतिवेदनमा संलग्न गरिनेछ।

२. संयुक्त राष्ट्र संघका महासचिवले समितिको प्रतिवेदन जानकारीको लागि "महिलाको स्थितिसम्बन्धी आयोग" समक्ष पठाउने छन्।

## धारा २२

विशिष्टिकृत संस्थाहरूको कार्य क्षेत्र भित्र पर्न आउने यस महासन्धिका व्यवस्थाहरूको कार्यान्वयनको सम्बन्धमा विचार विमर्श गरिंदा तिनीहरूको पनि प्रतिनिधित्व गर्न पाउने अधिकार हुनेछ। समितिले ती विशिष्टिकृत संस्थाहरूको कार्यक्षेत्र भित्र पर्न आउने कुराहरूका सम्बन्धमा महासन्धिको कार्यान्वयन बारेमा प्रतिवेदन पेश गर्न तिनीहरूलाई आमन्त्रण गर्न सक्नेछ।

# भाग ६

## धारा २३

यस महासन्धिमा उल्लेखित कुनै कुराले पनि पुरुष तथा महिलाको लागि समानता कायम गर्नका लागि बढी सहायक हुने देहायका लिखतमा परेका कुनै पनि व्यवस्थामा असर पार्ने छैन।

क) कुनै पक्षराष्ट्रको कानूनमा रहेका, वा

ख) सो राष्ट्रका सम्बन्धमा लागू रहेका अन्य कुनै अन्तर्राष्ट्रिय महासन्धि, सन्धि वा सम्झौतामा रहेका।

### धारा २४

यस महासन्धिद्वारा मान्यता प्रदान गरिएका अधिकारहरूको पूर्ण प्राप्तिको लागि लक्षित समस्त आवश्यक कार्यहरू राष्ट्रिय तहमा कार्यान्वयन गर्न पक्षराष्ट्रहरू कबूल गर्दछन्।

### धारा २५

१. यो महासन्धि सबै राष्ट्रहरूबाट हस्ताक्षर हुनको लागि खुला रहनेछ।

२. यो महासन्धिको निक्षेपकको रुपमा संयुक्त राष्ट्र संघका महासचिवलाई तोकिएको छ।

३. यो महासन्धिलाई अनुमोदन गर्नु पर्नेछ। अनुमोदनका लिखतहरू संयुक्र राष्ट्र संघका महासचिव समक्ष दाखिला गरिएपछि सो राष्ट्र सम्मिलित भएको रहनेछ।

४. यो महासन्धि कुनै पनि राष्ट्रद्वारा सम्मिलनको लागि खुला रहनेछ। सम्मिलनसम्बन्धी लिखत संयुक्त राष्ट्र संघका महासचिव समक्ष दाखिला गरिएपछि सो राष्ट्र सम्मिलित भएको मानिनेछ।

### धारा २६

१. यस महासन्धिमा संशोधन गर्नका लागि कुनै पनि पक्षराष्ट्रले कुनै पनि समयमा संयुक्त राष्ट्र संघका महासचिवलाई सम्बोधन गरी लिखित सूचना दिएर अनुरोध गर्न सक्नेछ।

२. यस प्रकारको अनुरोध भएकोमा के कस्ता कारवाही गर्ने भन्ने कुरा संयुक्त राष्ट्र संघको महासभाले निर्णय गरे बमोजिम हुनेछ।

### धारा २७

१. यस महासन्धिको अनुमोदन वा सम्मिलन गर्ने बीसौं लिखत संयुक्त राष्ट्र संघको महासचिव कहाँ दाखिला भएको मितिले तीसौं दिनदेखि यो महासन्धि लागू हुनेछ।

२. यस महासन्धिको अनुमोदन वा सम्मिलन गर्ने बीसौं लिखत दाखिल भै सकेपछि यसको अनुमोदन वा सम्मिलन गर्ने अन्य प्रत्येक राष्ट्रको हकमा सो राष्ट्रले आफ्नो अनुमोदन वा सम्मिलनको लिखत दाखिला गरेको मितिले तीसौं दिनदेखि प्रारम्भ हुनेछ।

### धारा २८

१. अनुमोदन वा सम्मिलन गर्दाको अवस्थामा कुनै राष्ट्रले यस महासन्धिको सम्बन्धमा आफ्नो आरक्षण राख्ने भएमा त्यस्तो आरक्षणसम्बन्धी लिखत संयुक्त राष्ट्र संघका महासचिव समक्ष दाखिला गर्नेछन् र त्यस्तो लिखतको व्यहोरा निजले सबै राष्ट्रहरूलाई उपलब्ध गराउने छन्।

२. यस महासन्धिको उद्देश्य तथा प्रयोजनसँग मेल नखाने आरक्षणलाई अनुमति दिइने छैन।

३. आरक्षणलाई फिर्ता लिइने भएमा संयुक्त राष्ट्र संघका महासचिवलाई तत्सम्बन्धी सूचना दिई आरक्षण फिर्ता लिन सकिनेछ। निजले उक्त कुराको सूचना सबै राष्ट्रहरूलाई दिनेछन्। यस प्रकारको सूचना महासचिवलाई प्राप्त

भएको मितिदेखि क्रियाशील हुनेछ।

## धारा २९

१. यस महासन्धिको व्याख्या वा प्रयोगको सम्बन्धमा कुनै दुई वा बढी पक्षराष्ट्रहरूबीच उठेको कुनै विवाद आपसी वार्तालापबाट समाधान हुन नसकेमा तिनीहरू मध्ये कसैको अनुरोध भएमा मध्यस्थताको लागि पेश गरिनेछ। मध्यस्थताको लागि अनुरोध भएको मितिले छ महिनाभित्रसम्म पनि मध्यस्थताको संगठन बारेमा पक्षहरू मन्जुर हुन नसकेमा त्यस्ता पक्षहरू मध्ये कुनै एक पक्षले सो विवाद अन्तर्राष्ट्रिय न्यायालयमा सो न्यायालयको कानून अनुसार दरखास्त दिई पेश गर्न सक्नेछ।

२. यो महासन्धिमा हस्ताक्षर वा अनुमोदन गर्दाको वा सम्मिलन गर्दाको अवस्थामा प्रत्येक पक्षराष्ट्रले यो धाराको प्रकरण १ बाट आफू आबद्ध छैन भन्ने कुराको घोषणा गर्न सक्नेछ। यस प्रकारको आरक्षण राख्ने पक्षराष्ट्रहरूसँग सो प्रकरणमा लेखिएका कुराको सम्बन्धमा अरु पक्षराष्ट्रहरू आवद्ध हुने छैनन्।

३. यस धाराको प्रकरण २ अनुसार आरक्षण राख्ने कुनै पक्षराष्ट्रले त्यस्तो आरक्षण संयुक्त राष्ट्र संघको महासचिवलाई सूचना दिई कुनै पनि बखतमा फिर्ता लिन सक्नेछ।

## धारा ३०

यो महासन्धिको अरबी, चिनीया, अंगेज्री, फ्रान्सेली, रसियाली र स्पेनी भाषाका मूल प्रतिहरू समान रुपमा आधिकारिक मानिनेछन् र ती प्रतिहरू संयुक्त राष्ट्र संघ महासचिवको जिम्मामा राखिनेछन्। यस कुराको साक्षीको रुपमा अधिकार प्राप्त तलका हस्ताक्षरकारीहरूले यस महासन्धिमा हस्ताक्षर गरेका छन्।

# महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धिको इच्छाधिन आलेख, १९९९

६ अक्टोबर १९९९ मा महासभाको प्रस्ताव ए।५४।४ बमोजिम ग्रहण गरिएको र मानव अधिकार दिवस १० डिसेम्बर १९९९ मा हस्ताक्षरको लागि खुला गरिएको

लागू भएको मितिः २२ डिसेम्बर २००२

**प्रस्तुत आलेखका पक्ष राष्ट्रहरू,**

संयुक्त राष्ट्रसंघको वडापत्रले मौलिक मानवअधिकार, मानव मात्रको प्रतिष्ठा र मूल्य तथा पुरुष र महिलाको समान अधिकारप्रतिको विश्वासलाई पुनःपुष्टि गरेको कुरा उल्लेख गर्दै;

मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रले सबै मानिसहरु स्वतन्त्र जन्मेका, प्रतिष्ठा र अधिकारमा सम्मान भएका तथा प्रत्येक व्यक्तिलाई घोषणापत्रमा उल्लिखित सम्पूर्ण अधिकारहरु तथा स्वतन्त्रताहरु लिङ्गमा आधारित भेदभाव लगायत कुनै पनि किसिमको भेदभाव विना उपभोग गर्न पाउने अधिकार भएको घोषणा गरेको कुरा समेत उल्लेख गर्दै;

मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रहरु, प्रस्ताव २२०० ए(२१) अनुसूची, तथा मानवअधिकार सम्बन्धी अन्य अन्तर्राष्ट्रिय लिखतहरुले लिङ्गमा आधारित निषेध गरेको स्मरण गर्दै;

महिला विरुद्धका सबै प्रकारका भेद्भाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि ("महासन्धि") जसका पक्ष राष्ट्रहरुले महिला विरुद्धका सबै प्रकारका भेदभावलाई निन्दा गर्दै सबै उपयुक्त उपायहरु अपनाई र विलम्ब नगरी महिला विरुद्धको भदेभाव उन्मूलन गर्ने नीति अवलम्बन गर्न मञ्जुर गर्दछन्, लाई समेत स्मरण गर्दै;

महिलाले सबै मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरु पूर्ण र समान रुपले उपभोग गरेको सुनिश्चित गर्ने र यी अधिकार तथा स्वतन्त्रताहरुको उल्लंघन रोक्न प्रभावकारी कामकारबाही गर्ने, आ–आफ्नो अठोट पुन पुष्टि गर्दै;

देहाय बमोजिम गर्न सहमत भएका छन् :–

## धारा १

यस प्रोटोकलको पक्ष राष्ट्र ("पक्ष राष्ट्र") धारा २ अनुसार गरिने सूचना प्राप्त गरी सो उपर विचार गर्न सक्ने महिला विरुद्धको भदेभाव उन्मूलन सम्बन्धी समिति ("समिति") को क्षमतालाई स्वीकार गर्दछ।

## धारा २

महासन्धिमा व्यवस्था गरेको कुनै पनि अधिकारको कुनै पक्ष राष्ट्रबाट उल्लंघन भएर आफू पीडित भएको दावी गर्ने त्यस्तो पक्ष राष्ट्रको इलाका अन्तर्गतको व्यक्ति वा व्यक्तिहरुको समूहले वा त्यस्तो व्यक्ति वा समूहको तर्फबाट सूचना पेश गर्न सक्ने वा सकिने छ। कुनै व्यक्ति वा व्यक्तिहरुको समूहबाट सूचना पेश गर्दा सूचना पेश गर्ने व्यक्तिले त्यस्तो व्यक्ति वा समूहको स्वीकृति विना निजको तर्फबाट सूचना पेश गरेको औचित्य पुष्टि गरेकोमा बाहेक त्यस्तो व्यक्ति वा समूहको स्वीकृति आवश्यक पर्नेछ।

## धारा ३

सूचना लिखित रुपमा हुनुपर्नेछ र बेनामी हुनुहुँदैन। समितिले महासन्धिको पक्ष भएको र यस प्रोटोकलको पक्ष नभएको कुनै पक्ष राष्ट्रसँग सम्बन्धित कुनै पनि सूचना ग्रहण गर्ने छैन।

## धारा ४

१. समितिले घरेलु उपचारहरु लागू गर्न अनुचित रुपमा ढिलाई हुने वा प्रभावकारी उपचार प्रदान गर्न नसक्ने देखिएको बाहेक उपलब्ध सबै त्यस्ता उपचारहरु उपयोग गरिएको यकिन नगरेसम्म कुनै पनि सूचना उपर विचार गर्ने छैन।

२. देहायको अवस्थामा समितिले कुनै पनि सूचनालाई अग्राह्रय मान्नेछः

(क) सोही कुरा समितिबाट विचार भईसकेको छ वा अन्तर्राष्ट्रिय अनुसन्धान वा निरोपरणको कुनै अर्को कार्यविधि अन्तर्गत छानविन भएको वा भइरहेको,

(ख) त्यस्तो सूचना महासन्धिको व्यवस्थाहरु अनुकूल नभएको,

(ग) त्यस्तो सूचना स्पष्टता दूराग्रहपूर्ण भएको पर्याप्त मात्रामा पुष्टि नभएको,

(घ) त्यस्तो सूचना पेश गर्ने अधिकारको दुरुपयोग भएको,

(ङ) सो सूचनाका विषय सम्बन्धि तथ्यहरु सम्बन्धित पक्ष राष्ट्रको हकमा प्रस्तुत प्रोटोकल लागू हुने मितिपछि निरन्तर नरहेको अवस्थामा त्यस्तो तथ्यहरु त्यस्तो राष्ट्रको हकमा लागू हुनु मिति अघि उत्पन्न भएका।

## धारा ५

१. कुनै सूचना प्राप्त गरेपछि र सूचना मूल विषयका सम्बन्धमा ठहर गर्नुअघि कुनै पनि समयमा समितिले सम्बन्धित पक्ष राष्ट्रबाट जरुरी किसिमले विचार हुनका लागि आरोपित उल्लंघनबाट पीडित व्यक्ति वा व्यक्तिहरुलाई पुग्न सक्ने अपूरणीय क्षति हुन नदिन आवश्यक अन्तरिम उपाहरु अपनाउन त्यस्तो राष्ट्रलाई अनुरोध गरी पठाउन सक्नेछ।

२. समितिले यस धाराको प्रकरण नं. १ अन्तर्गत आफ्नो स्वविकेकले प्रयोग गरेको कुरालाई सूचनाको ग्राह्यता वा मूल विषयका सम्बन्धमा निर्धारण गरेको मानिने छैन।

## धारा ६

१. समितिले सम्बन्धित पक्ष राष्ट्रसँग सम्पर्क नगरी कुनै सूचनालाई ग्राह्य मानेको, व्यक्ति वा व्यक्तिहरु सो पक्ष राष्ट्रसँग उनीहरुको पहिचान खुलाउन मञ्जुर भएकोमा समितिले प्रस्तुत प्रोटोकल अन्तर्गत आ–आफू समक्ष पेश गरेको सूचनालाई गोप्य ढंगले सम्बन्धितको पक्ष राष्ट्रको ध्यानाकर्षण गर्नेछ।

२. सूचना प्राप्त गर्ने पक्ष राष्ट्रले छ महिनाभित्र विषयवस्तु र सो पक्ष राष्ट्रबाट कुनै उपचार उपलब्ध गराईको भए त्यस्तो उपचार समेत स्पष्ट राख्ने लिखित स्पष्टीकरण वा कथनहरु समिति समक्ष पशे गर्ने छ।

## धारा ७

१. व्यक्ति वा व्यक्तिहरुको समूहबाट वा निज वा सोको तर्फबाट तथा सम्बन्धित पक्ष राष्ट्रबाट आफूलाई उपलब्ध

गराइएका सबै जानकारीको आधारमा प्रस्तुत प्रोटोकल अन्तर्गत प्राप्त गरिएका सूचनाउपर विचार गर्नेछ। तर यस्तो जानकारी सम्बन्धित पक्षहरुलाई पठाइएको हुनुपर्नेछ।

२. प्रस्तुत प्रोटोकल अन्तर्गत सूचना परीक्षण गर्दा समितिले गोप्य बैठकहरु गर्नेछ।

३. कुनै सूचना परीक्षण गरिसकेपछि समितिले सो सूचनाका सम्बन्धमा आफ्नो विचार र कुनै सिफारिसहरु भए सो समेत सम्बन्धित पक्षहरुलाई पठाउनेछ।

४. पक्ष राष्ट्रले समितिको विचार र कुनै सिफारिश भए सो समेतलाई उचित ध्यान दिनेछ र ६ महिनाभित्र समितिको विचार र सिफारिशको रोहमा गरिएको कुनै पनि काम कारबाही सम्बन्धी जानकारी समेत समावेश गरिएको लिखित जवाफ समिति समक्ष पेश गर्नेछ।

५. समितिले महासन्धिको धारा १८ अन्तर्गत पक्ष राष्ट्रबाट पेश गरिने पछिल्ला प्रतिवेदनहरुमा समितिको विचार र वा उपयुक्त देखिएका कुनै सिफारिश गरिएको भए सो समेतका प्रतिकृया स्वरुप सो गराएबाट अपनाइएको कुनै उपायका सम्बन्धमा थप जानकारी समेत समावेश गर्न पक्ष राष्ट्रलाई अनुरोध गर्न सक्नेछ।

## धारा ८

१. समितिले कुनै पक्ष राष्ट्रबाट महासन्धिमा उल्लिखित अधिकारहरुको व्यवस्थित वा गम्भीर रुपमा उल्लंघन भएको देखिने भरपर्दो जानकारी प्राप्त गरेमा समितिले सो पक्ष राष्ट्रलाई त्यस्तो जानकारी परीक्षण गर्ने कार्यमा सहयोग पुराउन तथा यस उद्देश्यको लागि सम्बन्धित जानकारीका सम्बन्धमा आफ्ना धारणाहरु पेश गर्न अनुरोध गर्नेछ।

२. सम्बन्धित पक्ष राष्ट्रबाट धारणाहरु पेश गरिएका भए त्यस्ता धारणाहरु एवं आफूसँग उपलब्ध अन्य सम्बन्धित जानकारीलाई दृष्टिगत गरी समितिले आफ्ना एक वा सो भन्दा बढी सदस्यहरुलाई छानविन गरी समिति समक्ष तुरुन्तै प्रतिवेदन पेश गर्न खटाउन सक्ने छ। आवश्यक भएको र पक्ष राष्ट्रको सहमतिमा त्यस्तो छानविनमा सो राष्ट्रको इलाकाको भ्रमण पनि समावेश हुन सक्नेछ।

३. त्यस्तो छानविनको ठहर परीक्षण गरेपछि समितिले त्यस्तो ठहर एवं प्रतिकृया र सिफारिश भए सो समेत सम्बन्धित पक्ष राष्ट्रलाई पठाउनेछ।

४. सम्बन्धित पक्ष राष्ट्रले समितिबाट पठाईएका ठहर, प्रतिकृया र सिफारिशहरु प्राप्त गरेको मितिले ६ महिनाभित्र आफ्नो धारणा समिति समक्ष पेश गर्नेछ।

५. त्यस्तो छानविन गोप्य रुपमा गरिने र कारबाहीका सबै चरणहरुमा पक्ष राष्ट्रको सहयोग खोजिनेछ।

## धारा ९

१. समितिले सम्बन्धित पक्ष राष्ट्रलाई महासन्धिको धारा १८ अन्तर्गत पेश गरिने आफ्नो प्रतिवेदनमा प्रस्तुत प्रोटोकलको धारा ८ अन्तर्गत गरिएको छानविनको प्रतिकृया स्वरुप अपनाइएका कुनै पनि उपायहरुको विस्तृत विवरण उल्लेख गर्न अनुरोध गर्न सक्नेछ।

२. धारा ८.४ बमोजिमको ६ महिनाको अवधि समाप्त भएपछि आवश्यकता अनुसार समितिले सम्बन्धित पक्ष राष्ट्रलाई त्यस्तो छानविनको प्रतिकृया स्वरुप अपनाइएको उपायहरुको जानकारी समितिलाई उपलब्ध गराउन अनुरोध गर्न सक्नेछ।

## धारा १०

१. प्रत्येक पक्ष राष्ट्रले प्रस्तुत प्रोटोकलमा हस्ताक्षर वा यसको अनुमोदन वा सम्मिलन गर्दाको बखत आफूले धारा ८ र ९ मा व्यवस्था भए बमोजिम समितिको सक्षमता स्वीकार नगर्ने कुराको घोषणा गर्न सक्दछ।

२. प्रस्तुत धाराको प्रकरण १ अनुसार घोषणा गरेको कुनै पनि पक्ष राष्ट्रले महासचिवलाई सूचना दिएर सो घोषणा कुनै पनि समयमा फिर्ता लिन सक्नेछ।

## धारा ११

पक्ष राष्ट्रले प्रस्तुत प्रोटोकल अनुसार समिति समक्ष सुचना पेश गरेको कारणले आफ्नो इलाकाभित्र रहेका व्यक्तिहरुलाई दुर्व्यवहार नगरिने वा त्रास नदेखाइने कुरा सुनिश्चित गर्न सम्पूर्ण उपयुक्त उपायहरु अपनाउनेछ।

## धारा १२

समितिले प्रस्तुत प्रोटोकल अन्तर्गत गरिएका काम कारबाहीको सारांश प्रतिज्ञापत्रको धारा २१ अन्तर्गतको आफ्नो वार्षिक प्रतिवेदनमा समावेश गर्नेछ।

## धारा १३

प्रत्येक पक्ष राष्ट्रले महासन्धि र प्रस्तुत प्रोटोकलको बारेमा व्यापक रुपमा जानकारी गराउने र प्रचार प्रसार गर्न तथा खासगरी सो पक्ष राष्ट्र संलग्न विषयहरुका सम्बन्धमा समितिले विचार र सिफारिश सम्बन्धी जानकारीमा पहुँच सहज बनाउन कबूल गर्दछ।

## धारा १४

समितिले प्रस्तुत प्रोटोकलबाट आफूलाई सुम्पिएका कामहरु गर्दा अवलम्बन गर्न आफ्नो कार्यविधि नियमहरु तर्जुमा गर्नेछ।

## धारा १५

१. प्रस्तुत प्रोटोकल महासन्धि हस्ताक्षर, अनुमोदन गरेको वा त्यसमा सम्मिलन भएको कुनै पनि राष्ट्रबाट हस्ताक्षर हुनका लागि खुला रहनेछ।

२. महासन्धि अनुमोदन गरेका वा त्यसमा सम्मिलन भएको कुनै पनि राष्ट्रबाट प्रस्तुत प्रोटोकल अनुमोदन हुनुपर्नेछ। अनुमोदनका लिखतहरु संयुक्त राष्ट्रसंघका महासचिव समक्ष दाखिला गरिनेछ।

३. प्रस्तुत प्रोटोकल महासन्धि अनुमोदन गरेको वा त्यसमा सम्मिलन भएको कुनै पनि राष्ट्रबाट सम्मिलन हुनका लागि खुला रहनेछ।

४. सम्मिलनको लिखत संयुक्त राष्ट्रसंघका महासचिव समक्ष दाखिला भएपछि सम्मिलन प्रभावकारी हुनेछ।

## धारा १६

१. अनुमोदन वा सम्मिलनको दशौं लिखत संयुक्त राष्ट्रसंघ महासचिव समक्ष दाखिला भएको मितिले तीन महिनादेखि

प्रस्तुत प्रोटोकल लागू हुनेछ।

२. अनुमोदन वा सम्मिलनको दशौं लिखत दाखिला भएपछि प्रस्तुत प्रोटोकल अनुमोदन गर्ने वा यसमा सम्मिलन हुने प्रत्येक राष्ट्रको हकमा त्यस्तो राष्ट्रले आफ्नो अनुमोदन वा सम्मिलनको लिखत दाखिला गरेको मितिले तीन महिनादेखि प्रस्तुत प्रोटोकल लागू हुनेछ।

## धारा १७

प्रस्तुत प्रोटोकलमा कुनै पनि आरक्षण राख्न पाइने छैन।

## धारा १८

१. प्रस्तुत प्रोटोकलको कुनै पनि पक्ष राष्ट्रले संशोधन प्रस्ताव गर्न र सो संशोधन संयुक्त राष्ट्रसंघका महासचिव समक्ष दर्ता गर्न सक्ने छ। महासचिवले सो प्रस्ताव उपर विचार एवं मतदान गर्ने उद्देश्यले पक्ष राष्ट्रहरुको सम्मेलन गर्ने पक्षमा उनीहरु भए नभएको कुराको सूचना निजलाई दिने अनुरोध सहित प्रस्तावित संशोधन पक्ष राष्ट्रहलाई पठाउने छन्। कम्तिमा एक तिहाई पक्ष राष्ट्रहरु त्यस्तो सम्मेलनको पक्षमा भएमा महासचिवले संयुक्त राष्ट्रसंघको तत्वावधानमा सो सम्मेलनको आयोजना गर्नेछन्। महासचिवले सो सम्मेलनमा उपस्थित भई मतदान गर्ने पक्ष राष्ट्रहरुको बहुमतबाट ग्रहण गरिएको कुनै पनि संशोधन स्वीकृतिका लागि संयुक्त राष्ट्रसंघको महासभा समक्ष पेश गर्नेछन्।

२. संयुक्त राष्ट्रसंघको महासभाबाट स्वीकृत भएपछि र प्रस्तुत प्रोटोकलका पक्ष राष्ट्रहरुको दुई तिहाई बहुमतबाट आ–आफ्ना संवैधानिक प्रक्रिया अनुसार स्वीकृत भएपछि संशोधनहरु लागू हुनेछन्।

३. संशोधनहरु लागू भएपछि ती संशोधनहरु स्वीकार गर्ने पक्ष राष्ट्रहरुका हकमा वाध्यात्मक हुनेछन् भने अन्य पक्ष राष्ट्रहरुका हकमा प्रस्तुत प्रोटोकलका व्यवस्थाहरु तथा उनीहरुले स्वीकार गरेका कुनै पनि अघिल्ला संशोधनहरु बाध्यात्मक हुनेछन्।

## धारा १९

१. कुनै पनि पक्ष राष्ट्रले संयुक्त राष्ट्रसंघका महासचिवलाई लिखित सूचना दिई कुनै पनि समयमा प्रस्तुत प्रोटोकल परित्याग गर्न सक्नेछ। महासचिवबाट त्यस्तो सूचना प्राप्त गरेको मितिले ६ महिनादेखि परित्याग लागू हुनेछ।

२. परित्याग लागू हुने मिति भन्दा अगाडि धारा २ अन्तर्गत पेश गरिएको कुनै सूचना वा धारा ८ अन्तर्गत प्रारम्भ गरिएको छानविनको हकमा प्रस्तुत प्रोटोकलका व्यवस्थाहरुको निरन्तर प्रयोगलाई परित्यागले प्रतिकूल प्रभाव पार्ने छैन।

## धारा २०

संयुक्त राष्ट्रसंघका महासचिवले सबै राष्ट्रहरलाई देहायको जानकारी दिनेछन्:

क) प्रस्तुत प्रोटोकल अन्तर्गतका हस्ताक्षर, अनुमोदन र सम्मिलनहरुः

ख) प्रस्तुत प्रोटोकल लागू हुने मिति र धारा १८ अन्तर्गत संशोधनहरु लागू हुने मिति,

ग) धारा १९ अन्तर्गतका परित्यागहरु।

# धारा २१

१. अरवी, चिनिया, अंग्रेजी, फ्रान्सेली, रसियाली र स्पेनी भाषाका प्रतिहरु समानरुपले प्रामाणिक हुने प्रस्तुत प्रोटोकल संयुक्त राष्ट्रसंघको अभिलेखालयमा दालिख गरिनेछ।

२. संयुक्त राष्ट्रसंघका महासचिवले प्रतिज्ञापत्रको धारा २५ मा उल्लिखित सबै राष्ट्रहरुलाई प्रस्तुत प्रोटोकलका प्रमाणित प्रतिहरु पठाउने छन्।

# महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि अन्तर्गतको नेपालको छैठौं आवधिक प्रतिवेदन उपर

# निष्कर्ष टिप्पणी

## संयुक्त राष्ट्र संघीय महिला विरुद्ध भेदभाव उन्मूलन गर्ने समितिको निष्कर्ष टिप्पणी

१. समितिले नेपालको छैठौं आवधिक प्रतिवेदन (सिडा/सी/नेपाल/६) उपर नोभेम्बर २३, २०१८ का दिन भएको १६३१ औं र १६३२ औं बैठक (हेर्नुहोस् सिडा/सी/एसआर १६३१ र १६३२) मा विचार गऱ्यो । समितिका विषयहरूका सूचीलाई सिडा/सी/नेपाल/क्यू/६ मा र नेपालका जवाफलाई सिडा/सी/नेपाल/क्यू/६/एडीडी.१. मा राखिएको छ।

### क. परिचय

२. पक्ष राज्यले आफ्नो छैठौं आवधिक प्रतिवेदन पेश गरेकोमा समिति प्रसंसा गर्दछ। साथै, पक्ष राज्यले पुरक प्रतिवेदन पेश गरेकोमा, सत्र शुरु हुनु पूर्वको कार्य समूहले उठाएका विषयहरूको सूचीमा जवाफ दिएकोमा र सम्वादका क्रममा समितिले मौखिक रुपमा राखेका प्रश्नहरूको जवाफ दिएकोमा तथा थप लिखित पुष्ट्याई पेश गरेकोमा समेत समिति प्रशंसा गर्दछ।

३. समिति महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री महामहिम श्री थममाया थापाज्यूले नेतृत्व गर्नुभएको र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय तथा जेनेभास्थित संयुक्त राष्ट्र संघ र अन्य अन्तर्राष्ट्रिय संगठनहरूका निमित्त नेपाली स्थायी नियोगका प्रतिनिधिहरू सहितको नेपालको उच्चस्तरीय प्रतिनिधिमण्डलको प्रशंसा गर्दछ।

### ख. सकारात्मक पक्ष

४. पक्ष राज्यको चौथो र पाँचौं एकीकृत प्रतिवेदन उपर सन् २०११ मा विचार विमर्श भएपछि पक्ष राज्यले कानुनी सुधार गरेको, खासगरी देहायका कानुनहरू पारित गरेकोप्रति समिति स्वागत गर्दछ :–

क) सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य ऐन, २०७५,

ख) कार्यस्थलमा हुने यौनजन्य हिंसा (निवारण) ऐन, २०७२,

ग) लैङ्गिक समानता कायम गर्ने र लैङ्गिक हिंसा अन्त्य गर्ने सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२,

घ) बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२।

५. महिलाविरुद्धका भेदभावको अन्त्य गर्ने र लैङ्गिक समानता कायम गर्ने सम्बन्धी देहायका नीतिहरू ल्याउने पक्ष राज्यको प्रयासलाई समिति स्वागत गर्दछ :–

क) कृषि विकास रणनीति, २०७२ जसले कृषिमा लैङ्गिक समानता कायम गर्ने कुरालाई विकासको अभिन्न अङ्गको रुपमा लिएको छ,

ख) निर्वाचन आयोगको लैङ्गिक र सामाजिक समावेशीकरण नीति, २०७० जसले निर्वाचन प्रक्रियाका सबै धारणामा लैङ्गिक समानता कायम गर्ने लक्ष्य लिएको छ,

ग) लैङ्गिक हिंसा निवारण तथा महिला सशक्तिकरण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०७०,

घ) मानव बेचबिखन खासगरी महिला र बालबालिका बेचबिखन विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६९ ।

## दिगो विकास लक्ष्य

६. दिगो विकासका लक्ष्यहरूको प्राप्तिको लागि उपलब्ध अन्तर्राष्ट्रिय सहयोगको स्वागत गर्दै समिति महासन्धिको व्यवस्था बमोजिम कानुनी र व्यवहारिक रुपमा लैङ्गिक समानता कायम गरी दिगो विकास सम्बन्धी कार्यसूची, २०३० को कार्यान्वयन प्रक्रिया अघि बढाउन आह्वान गर्दछ। समिति लक्ष्य–५ को महत्वलाई र समानता र अविभेदको सिद्धान्तलाई सबै १७ वटै लक्ष्यहरूमा मूलप्रवाहीकरण गरिनु पर्ने आवश्यकतालाई पुनःस्मरण गर्दछ।

## ग. संसद

७. महासन्धिको पूर्ण कार्यान्वयनमा राज्यको विधायिकी अधिकारको महत्वपूर्ण भूमिका हुने कुरामा समितिले जोड दिएको छ। समिति संघीय संसदलाई अहिले र महासन्धि अन्तर्गतको अर्को चरणको प्रतिवेदन पेश गर्ने अवधि बीचमा यी निश्कर्ष सुझावहरूलाई कार्यान्वयन गर्न आफ्नो अधिकार अन्तर्गत आवश्यक कदम चाल्न आह्वान गर्दछ।

## घ. सरोकारका मुख्य क्षेत्रहरू र सुझावहरू

### संवैधानिक विधायिकी संरचना र विभेदकारी कानुन

८. पक्ष राज्यले सन् २०१५ मा प्रगतिशील संविधान जारी गरेकोमा समिति स्वागत गर्दछ जुन संविधानको धारा १८ (२) मा लिङ्गको आधारमा हुने भेदभावलाई निषेध गरिएको छ। संविधानका व्यवस्थाहरू अनुरुप हुने गरी कानुनहरू सुधार गर्ने हालको क्रमलाई सन् २०१९ को मार्च महिनाको मध्य सम्ममा पूरा गर्ने पक्ष राज्यको योजनालाई समितिले जानकारीमा लिएको छ। तर देहायका कुरामा समितिको सरोकार रहेको छ :–

क) संविधान र कानुनमा प्रतिविम्बित भएअनुसार विभेदप्रति पक्ष राज्यले लिएको पद्धतिले महिला र बालिकालाई बहुविभेद र अन्तरवर्गीय प्रकृतिका भेदभावबाट पूर्ण रुपमा सुरक्षा दिन सक्दैन र सार्वजनिक तथा निजी क्षेत्रमा हुने प्रत्यक्ष र परोक्ष प्रकारका भेदभावलाई ठोस रुपमा समेट्न सक्दैन।

ख) विभेदयुक्त कानुन र संविधानका व्यवस्थाहरू जस्तो नागरिकता सम्बन्धी संविधानको धारा ११ मा भएको व्यवस्था, वैदेशिक रोजगार ऐन, २०६४ का व्यवस्था र देवानी संहिताका व्यवस्थाले महिलाको नागरिकताको अधिकार, विदेशमा रोजगारीमा पहुँचको अधिकार र सम्बन्ध विच्छेदपछि वैवाहिक सम्पत्ति पाउने अधिकारमा रोक लगाउने व्यवस्थाहरू यथाबत रहेकाछन्।

९. समिति पक्ष राज्यलाई महासन्धिको धारा १ र २ तथा दिगो विकास लक्ष्यको लक्ष्य नं. ५.१ बमोजिम आफ्नो कानुनी सुधारलाई प्राथमिकतामा राख्दै सबैतिरबाट महिला र बालबालिका विरुद्धका सबै प्रकारका भेदभाव अन्त्य गर्न र देहायका कार्यहरू गर्न सिफारिस गर्दछः–

क) महिलाविरुद्ध सार्वजनिक र निजी क्षेत्रमा प्रत्यक्ष र अप्रत्यक्ष तथा अन्तरवर्गीय प्रकृतिका बहुविभेदपूर्ण कार्यहरूको परिभाषा सहितको विस्तृत विभेद विरोधी कानुन तर्जुमा गर्ने र पीडितहरूलाई प्रभावकारी न्यायको प्रत्याभूति गर्ने,

ख) महिला र बालिकाविरुद्ध अझै पनि बाँकी रहेका विभेदकारी संवैधानिक र कानूनी व्यवस्थाहरू खासगरी

नागरिकता, सम्बन्ध विच्छेदपछिको वैवाहिक सम्पत्तिको बाँडफाँड र वैदेशिक रोजगारीमा पहुँचजस्ता क्षेत्रमा रहेका सबै व्यवस्थाहरू खारेज गर्ने ।

## न्यायमा पहुँच

१०. समिति स्थानीय तहमा न्यायिक समिति गठन गरेको कार्यलाई स्वागत गर्दछ र एकीकृत निःशुल्क कानुनी सहायता नीति मस्यौदा भई कानुनी सहायतामा योजनाबद्ध सुधार गरिएको कुराको जानकारी राख्दछ । तर देहायका विषयमा समितिको सरोकार रहेको छः–

क) महिला र बालिकाहरूलाई उनीहरूका अधिकार र न्यायमा पहुँच अभिवृद्धि गराउने र कानुनी उपचार पाउने संयन्त्रहरूको बारेमा कम जानकारी रहेको,

ख) अन्तरवर्गीय प्रकृतिको विभेदको सामना गरिरहेका महिलाहरूले आम रुपमा बोल्ने भाषामा कानुनी सहायता दिने र लक्षित वित्तिय सहयोग उपलब्ध गराउने व्यवस्थाको अभाव रहेको,

ग) जबर्जस्ती करणी र अन्य यौनजन्य हिंसाका मुद्दामा उजुरी गर्ने हदम्याद एक वर्ष पारिएको भएता पनि त्यस्ता कसूरको बारेमा उजुरी गर्दा महिला र बालिकालाई लाग्ने लाञ्छनालाई ध्यानमा राख्न नसक्दा यस्ता कसूरमा दण्डहिनताको बढावा हुन सक्ने देखिएको,

घ) खासगरी स्थानीय तहमा न्यायिक र कानुन कार्यान्वयन गर्ने अधिकारीहरूले यौनजन्य र लिङ्गमा आधारित हिंसाका मुद्दाहरू दर्ता गर्न दिँदैनन, र उच्च तहमा अदालतहरूले दिएको आदेश पालना नगर्ने र त्यस्ता फैसला कार्यान्वयन नगर्ने गरेको ।

११. समिति न्यायमा महिलाको पहुँच सम्बन्धी आफ्नो सामान्य सिफारिस नं. ३३ (२०१५) बमोजिम पक्ष राज्यलाई देहायका सिफारिसहरू गर्दछः–

क) न्यायमा पहुँच प्राप्त गर्ने र कानुनी सहायता योजनाहरूका सम्बन्धमा उपलब्ध संयन्त्र र प्रक्रियाको बारेमा जानकारी दिन जानकारीमूलक कार्यक्रमहरू सुदृढ पार्दै लैजाने र महिलाको न्यायको खोजी गर्ने कार्यलाई थप भेदभाव निम्त्याउने र लाञ्छना लाग्नेभन्दा पनि वैधानिक र सर्वस्वीकार्य हुने सामाजिक वातावरण प्रवर्द्धन गर्ने ।

ख) अन्तरवर्गीय र बहुविभेदको सामना गरिरहेका महिलाहरू जस्तै दलित महिला, जनजाति महिला, मधेशी र थारु महिला, धार्मिक अल्पसंख्याका समुदायका रुपमा रहेका महिला, अपाङ्गता भएका महिला, दुर्गम स्थानमा बसोबास गर्ने महिला, समलिङ्गी महिला, विलिङ्गी, परलिङ्गी महिला तथा अन्तरलिङ्गी व्यक्ति र विस्थापित आप्रवासनमा परेका महिलाहरूलाई लक्षित गरी वित्तिय सहयोग र आम रुपमा बोलिने भाषामा कानुनी सहायता उपलब्ध गराउने,

ग) जबर्जस्ती करणी र अन्य यौनजन्य कसूरहरूमा महिलालाई न्यायमा प्रभावकारी पहुँच सुनिश्चित गर्न सबै सन्दर्भका यौनजन्य हिंसाका मुद्दाको दर्तामा रहेका हदम्यादको व्यवस्था खारेज गर्ने,

घ) न्यायपालिकाका सबै सदस्यहरू, स्थानीय न्यायिक समितिका सदस्यहरू र कानुन कार्यान्वयन अधिकारीहरूलाई मानव अधिकार परिषद्को विश्वव्यापी आवधिक समीक्षाको संयन्त्र अन्तर्गत पक्ष राज्यले दोस्रो चरणको समीक्षा अवधिमा व्यक्त गरेको प्रतिबद्धता अनुरुप महिला अधिकार र लैङ्गिक मैत्री अनुसन्धान तथा बयान कार्यविधिहरूका सम्बन्धमा राष्ट्रिय न्यायिक प्रतिष्ठान मार्फत अनिवार्य रुपमा

तालिम उपलब्ध गराउने।

## महिलाको उन्नतिको लागि रहेका राष्ट्रिय संयन्त्रहरू

१२. राष्ट्रिय महिला आयोगलाई संविधान अन्तर्गत मान्यता प्रदान गरिएकोमा समिति स्वागत गर्दछ। तर देहायका विषयमा यसको सरोकार रहेको छः–

क) महिला अधिकार सम्बन्धी आयुक्तहरूको नियुक्तिमा ढिलाइ भइरहेको, आयोगको कार्य सम्पादनको लागि अपर्याप्त स्रोतहरू विनियोजित भएको, आयोगको कार्यक्षेत्र सीमित भएकोले आयोगले उजुरी सुनुवाई गरी कानुनी रुपमा बाध्यकार निर्णय दिन बाधा रहेको र परिणामस्वरुप आयोग महिलाका अधिकारहरूको संरक्षण र सम्वर्द्धन गर्न असमर्थ रहेको,

ख) राष्ट्रिय लैङ्गिक समानता नीति पारित हुन ढिलाइ भइरहेको र राष्ट्रिय महिला आयोग, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र सामाजिक विकास मन्त्रालयहरूबीच लैङ्गिक समानता प्रवर्द्धन गर्ने कार्यमा अपर्याप्त समन्वय रहेको

ग) महिला र बालिका विरुद्धका विभेदलाई पर्याप्त रुपमा सम्बोधन गर्न स्थानीय सरकारलाई स्पष्ट अधिकार, विद्वता र स्रोतहरूको कमी भएको।

१३. समितिले प्रभावकारी राष्ट्रिय संयन्त्र र प्रचार प्रसार सम्बन्धी आफ्नो सामान्य सिफारिस नं. ६ (१९८८) बमोजिम पक्ष राज्यलाई देहायका सिफारिस गरेको छ :–

क) महिला अधिकारसम्बन्धी आयुक्तहरूको नियुक्ति प्रक्रियामा शीघ्रता ल्याउने, राष्ट्रिय महिला आयोगमा उजुरी सुन्ने संयन्त्र विकास गर्ने, बाध्यकारी निर्णय दिन सक्ने अधिकार प्रदान गर्ने र कार्य सम्पादनको लागि पर्याप्त मानवीय, प्राविधिक र वित्तिय स्रोतहरू उपलब्ध गराउने।

ख) राष्ट्रिय लैङ्गिक समानता नीति पारित गर्ने कार्यलाई प्राथमिकतामा राख्ने र सो नीति कार्यान्वयन गर्ने निकायमा निर्णय गर्ने पर्याप्त अधिकार भएको र सबै तहमा महिलाका मानव अधिकार प्रवर्द्धन गर्ने सम्बन्धी र कार्यान्वयनको जिम्मेवारी भएका मन्त्रालयहरू बीचमा समन्वय र सहकार्य गर्न आवश्यक मानवीय र वित्तिय स्रोत उपलब्ध गराउने।

ग) महिला अधिकार र लैङ्गिक समानताका विषयलाई सम्बोधन गर्न स्थानीय सरकारको अधिकार र क्षमता सुदृढ पार्ने र महिला नेतृत्वलाई स्थानीय तहबाटै विकास गराउन लक्षित बजेट विनियोजन गर्ने कार्यलाई पुनः लागू गर्ने।

## नागरिक समाजका संस्था र राष्ट्रिय मानव अधिकार संस्थाहरू

१४. समिति पक्ष राज्यमा महिला अधिकार प्राप्तिमा नागरिक समाजका संस्थाहरूको सक्रियताको स्वागत गर्दछ। तर यस सम्बन्धमा समिति निम्न सरोकार व्यक्त गर्दछ :

क) संविधानका व्यवस्थाहरू कार्यान्वयन गर्ने कानुन निर्माण प्रक्रियामा नागरिक समाजका संस्थाहरू र राष्ट्रिय मानव अधिकार आयोगसँग परामर्श गर्न पक्ष राज्यका तर्फबाट गरिएको अपर्याप्त प्रयास।

ख) नागरिक सहभागिताको संरक्षण र नागरिक समाजको संलग्ना अभिवृद्ध गर्ने कर्यमा राष्ट्रिय मानव अधिकार आयोगको अपर्याप्त प्रयास।

ग) विद्युतीय कारोवार ऐन, राष्ट्रिय प्रशारण नियमावली र मस्यौदा अनलाइन मिडिया निर्देशिकामा गरिएका बन्देजकारी व्यवस्थाको कारण पक्ष राज्यमा नागरिक सहभागिताको क्षेत्र जोखिममा परेको छ र मस्यौदा राष्ट्रिय सदाचार नीति र गोपनियता सम्बन्धी नीतिमा आवश्यक संशोधन नगरिएको, नागरिक समाजका संस्थाहरूको कार्यहरूको संरक्षण गर्न र वकालत सम्बन्धी कार्यमा खर्च जुटाउन कठिनाई हुने गर्दा यस क्षेत्रमा थप रोकावट हुने ।

१५. समिति पक्ष राज्यलाई निम्न सिफारिसहरू गर्दछ :

क) महिला अधिकार संरक्षण गर्ने लक्ष्य भएका कानुन र कार्यक्रमहरू बनाउँदा महिलाका विषयमा कार्य गर्ने गैरसरकारी संस्थाहरू, राष्ट्रिय महिला आयोग र राष्ट्रिय मानव अधिकार आयोगको सार्थक सहभागिता सुनिश्चित गर्ने,

ख) नागरिक सहभागिताको क्षेत्रको संरक्षण गर्ने र नागरिक समाजको संलग्नता प्रवर्द्धन गर्न राष्ट्रिय मानव अधिकार आयोगको कार्यक्षेत्र सुदृढ तुल्याउने,

ग) मस्यौदा राष्ट्रिय सदाचार नीति, मस्यौदा गोपनियता नीति र मस्यौदा अनलाइन मिडिया निर्देशिकालाई पुनरावलोकन गर्दा र विद्युतीय कारोवार ऐन र राष्ट्रिय प्रशारण नियमावलीलाई संशोधन गर्दा राष्ट्रिय मानव अधिकार आयोग र नागरिक समाजसँग परामर्श गरी महिला अधिकारको क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाको अभिव्यक्ति स्वतन्त्रता र उनीहरूका क्रियाकलापमाथि कुनै रोकावट नहुने कुराको सुनिश्चितता गर्ने ।

## अस्थायी विशेष व्यवस्थाहरू

१६. संविधानको धारा ३८(५) अन्तर्गत महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा "विशेष अवसर" प्रदान गर्ने व्यवस्था भएकोमा समिति स्वागत गर्दछ। तर यस सम्बन्धमा समितिका निम्न सरोकारहरू रहेका छन् :–

क) राष्ट्रिय कानुनी संरचनामा "विशेष अधिकार" सम्बन्धी संवैधानिक व्यवस्थालाई स्वीकृत रुपमा समेट्ने विशेष ऐनको अभाव छ यद्यपि संविधानको धारा ४७ मा स्वास्थ्य, शिक्षा, रोजगारी, आवास, शुद्ध पिउने पानी र सरसफाई तथा सामाजिक सुरक्षामा विशेष अवसरहरू प्रदान गर्ने व्यवस्था गरिएको,

ख) संविधानमा अन्तरवर्गीय र बहुविभेदको सामना गरिरहेका महिलहरूको विशेष आवश्यकतालाई आत्मसात गर्न नसकिएको र कानुनमा प्रयोग भएको "विशेष अधिकार" लाई सामाजिक र सांस्कृतिक रुपमा पछाडि परेको महिलामा मात्र सीमित गरिएको,

ग) "विशेष अधिकार"को कार्यान्वयनको अनुगमन गर्ने संयन्त्र नभएको र अस्थायी विशेष व्यवस्थाहरूको फाइदा र उद्देश्यका बारेमा सरकारी अधिकारीमाझ अपर्याप्त जानकारी रहेको ।

१७. समिति महासन्धिको धारा ४(१) तथा अस्थायी व्यवस्था सम्बन्धी समितिको सामान्य सुझाव नं. २५ (२००४) बमोजिम पक्ष राज्यले देहायका कार्यहरू गर्नुपर्दछ भनी सिफारिस गर्दछ :–

क) स्वास्थ्य, शिक्षा, रोजगारी, आवास, शुद्ध पानी र सरसफाइमा पहुँच तथा सामाजिक सुरक्षा सम्बन्धी व्यवस्था समेटिएको विशेष अवसर सम्बन्धी ऐन चाँडो पारित गर्नुपर्ने,

ख) अन्तरवर्गीय र बहुविभेदको सामना गरिरहेका महिला र बालिकाका विशेष आवश्यकतालाई "विशेष

अधिकार" सम्बन्धी कानुनी व्यवस्थामा समेटिनु पर्ने,

ग) "विशेष अधिकार" कानुनको कार्यान्वयन पक्षको अनुगमन गरिनु पर्ने र सम्बद्ध सबै सरकारी अधिकारीहरूलाई यस्ता व्यवस्थाहरूको उद्देश्य महिला र पुरुषबीच सारभूत समानता कायम गर्नु हो भनी सचेत तुल्याउने र महिला विरुद्ध विगतमा भएको र हाल पनि भइरहेको विभेदलाई हटाउन अन्तरवर्गीय र बहुविभेद भएका खास समूहका महिलाहरू उपरको विभेद हटाउन संरचनागत, सामाजिक तथा सांस्कृतिक परिवर्तन मार्फत कार्य गर्ने।

## दोहोरिरहने भूमिका र हानिकारक अभ्यास

१८. धेरै हानिकारक अभ्यासहरू जस्तै छाउपडी, दाइजो, बोक्सीको आरोप, दलित विरुद्धको भेदभाव र बालविवाहलाई कसूर कायम गरेकोमा समिति स्वागत गर्दछ। तर समितिका निम्न सरोकारहरू रहेका छन् :–

क) धेरै हानिकारक अभ्यासहरू जस्तै छाउपडी (महिनावारी भएका महिला र बालिकालाई एकान्तमा राख्ने), बालविवाह, दाइजो, छोराको चाहना, बहुविवाह, विधवाहरू विरुद्धको भेदभाव, बोक्सीको आरोप, दलित विरुद्धको विभेद, आदिवासी महिला र बालिका विरुद्ध विभेद, झुमा (किशोरी बालिकलाई धार्मिक कार्य गर्न बौद्ध धर्मका गुम्बाहरूमा चढाउने चलन), देउकी (बालिकाहरूलाई भाकल पूरा गर्न मन्दिरमा चढाउने चलन) र धन खाने (छोराछोरीको विवाह गराइदिए वापत बाबुआमाले रकम प्राप्त गर्ने) आदिलाई कसूर कायम गरिएको भएता पनि यी अभ्यासहरू अहिले पनि व्यवहारमा कायमै रहेका।

ख) अपराध संहितासँग अमिल्दा देवानी संहिताका केही व्यवस्थाहरूलाई मिलाउनको निमित्त तयार पारिएको विधेयक विचाराधीन रहेको, त्यस्ता अमिल्दा व्यवस्थाहरूले गर्दा बालविवाह रोक्ने पक्ष राज्यको प्रयासमा धक्का पुगेको र पीडितले कानुनी उपचार पाउने कुरामा अवरोध सिर्जना गरेको।

ग) दुई लिङ्ग भएका नेपाली व्यक्तिहरू विरुद्धको विभेद खासगरी तिनीहरूको अपमान, बालहत्या, जबर्जस्ती विवाह, तिनीहरूको स्वतन्त्र र पूर्ण सुसूचित सहमति विना नै स्वास्थ्य विज्ञान बमोजिम आवश्यक नपर्ने जाँच गराउने कार्य पक्ष राज्यको भूभागमा भइरहेको जानकारी प्राप्त भएको।

घ) हानिकारक अभ्यासहरूको बारेमा सबै कुरा प्रकाशमा नआएका र पीडितलाई दिइने अल्पकालिन वा दीर्घकालिन सहयोग अपर्याप्त रहेको।

१९. विगतमा गरेको सिफारिसको स्मरण गर्दै समिति आफ्नो सामान्य सिफारिस नं ३१, हानिकारक अभ्यास सम्बन्धी बाल अधिकार सम्बन्धी समितिको सामान्य सिफारिस नं १८ (२०१४) र दिगो विकास लक्ष्यको लक्ष्य नं. ५.३ समेतका आधारमा हानिकारक अभ्यासहरूलाई निर्मूल गर्न निम्न सिफारिस गर्दछ :–

क) सबै प्रकारका परम्परागत हानिकारक अभ्यासहरू उपर प्रतिबन्ध लगाउने कानुन चाँडै पारित गरी त्यस्ता कार्य गर्नेहरू उपर अनुसन्धान तथा अभियोजन गरी पर्याप्त सजायको व्यवस्था गर्ने र पीडितलाई क्षतिपूर्ति समेत दिलाउने व्यवस्था गर्ने।

ख) हानिकारक अभ्यासहरू सम्बन्धी कानुनी व्यवस्था र त्यस्ता अभ्यासले महिला र बालिकाहरूमाथि पर्ने दुष्प्रभावका सम्बन्धमा प्रहरी, न्यायपालिका, गाउँमा रहेका स्वास्थ्य सञ्जाल, धार्मिक समुदायका नेताहरू समेतका सरोकारवालाहरू माझ जनचेतना अभिवृद्धि गर्नका निमित्त ठोस लक्ष्य र स्रोतहरूको व्यवस्था समेत गरी नागरिक सवाल र स्थानीय सरकार समेतसँगको सहकार्यमा विस्तृत रणनीति विकास गर्ने कार्य

चाँडै गर्ने ।

ग) विवाहयोग्य हुने उमेर २० वर्ष तोकी अपराध संहिताको व्यवस्था अनुकूल हुने गरी देवानी संहिताका सम्बन्धित दफाहरूमा परिमार्जन गर्न तयार भएको विधेयकलाई पारित गर्न प्राथमिकताका साथ कार्य गर्ने ।

घ) दुवै लिङ्ग भएका बालबालिकालाई कानुन बमोजिम सहमति व्यक्त गर्न समर्थ हुने उमेर नपुग्दै अनावश्यक रुपमा अपरेशन गर्ने वा अन्य मेडिकल जाँच गर्ने कार्यलाई स्पष्ट रुपमा प्रतिबन्ध लगाउने गरी कानुन निर्माण गर्ने र दुवै लिङ्ग भएका व्यक्तिहरूको अधिकारका बारेमा स्वास्थ्यकर्मी र मनोचिकित्सकहरूलाई समेत तालिम दिने ।

ङ) हानिकारक अभ्यासबाट पीडित भएका व्यक्तिहरूलाई बदलाको भावनाको डर वा सामाजिक लाञ्छना विना नै उजुरी गर्न पाउने व्यवस्था सुनिश्चित गर्ने र उनीहरूलाई कानुनी, सामाजिक, उपचारात्मक र मनोवैज्ञानिक परामर्श सहितको सहयोग र आवासको व्यवस्था समेतमा पहुँच हुने व्यवस्था मिलाउने ।

## महिलाविरूद्ध लिङ्गमा आधारित भेदभाव

२०. समिति महिला र बालिका विरुद्धको हिंसा अन्त्य गर्ने सम्बन्धी चारबुँदे संकल्प प्रस्तावको स्वागत गर्दछ। तर देहायका विषयमा समितिको सरोकार रहेको छः

क) महिला, खासगरी आदिवासी महिला र सन् २०१५ को भूकम्पपछि अस्थायी शिविरमा बस्ने महिलाहरू उपर भएको हिंसाको बढदो दर;

ख) लैङ्गिक सशक्तिकरण र लैङ्गिक हिंसा निवारण सम्बन्धी राष्ट्रिय रणनीति र कार्ययोजना पारित गर्न भइरहेको ढिलाइ;

ग) अपराध संहितामा जबर्जस्ती करणीको परिभाषा संकिर्ण रुपमा गरिएको कुरा, पक्ष राज्यको कानुनमा युद्ध अपराधसम्बन्धी व्यवस्था नभएको अवस्था, जबर्जस्ती करणी र जबर्जस्ती गर्भपतन गराउने कार्यका विरुद्ध ठोस व्यवस्थाको अभाव ।

२१. समिति महिला विरुद्धको लैङ्गिक भेदभाव सम्बन्धी यसको सामान्य सुझाव नं. ३५ (२०१७) र अद्यावधिक सामान्य सुझाव नं. १९ समेतका आधारमा पक्ष राज्यलाई देहायको सिफारिस गर्दछ :

क) आदिवासी समुदायहरू र अस्थायी शिविरहरूमा रहेका समुदायहरू लगायतका महिला विरुद्धमा हुने लिङ्गमा आधारित हिंसाबाट खास रुपमा प्रभावित समुदायहरूको निमित्त लक्षित सचेतना बढाउने कार्यक्रमहरू संचालन गर्ने र तिनीहरूबाट लैङ्गिक हिंसा उन्मूलन कोषमा पहुँच उपलब्ध गराउने विशेष व्यवस्था गर्ने र प्रहरी सेवामा आदिवासी महिलाहरूको प्रवेशलाई प्रोत्साहन गर्ने ।

ख) छलफलको समयमा संकेत गरिएको सन् २०१८ को अन्त्य अगावै लैङ्गिक सशक्तिकरण र लिङ्गका आधारित हिंसा सम्बन्धी रणनीति र कार्ययोजना पारित गर्ने र यसको कार्यान्वयनको निमित्त लिङ्गमा आधारित हिंसा अन्त्य गर्ने कोष लगायत पर्याप्त स्रोतहरू विनियोजन गर्ने,

ग) अपराध संहितालाई संशोधन गरी यौनजन्य हिंसा, जर्बजस्ती करणी र जर्बजस्ती गराइएको गर्भपतनलाई यातनाकै रुपमा परिभाषित गर्ने र जबर्जस्ती करणीको परिभाषालाई अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानको व्यवस्था बमोजिम र विश्वव्यापी आवधिक पुनरावलोकनका समयमा प्रतिबद्धता गरिए झैं परिस्कृत गर्ने ।

२२. समिति सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता गरिएका व्यक्तिहरू सम्बन्धी छानवीन आयोगको स्थापना भएकोमा र बेपत्ता व्यक्तिको छानवीन तथा सत्य निरुपण र मेलमिलाप सम्बन्धी ऐनमा हुन गइरहेको संशोधनको स्वागत गर्दछ। सशस्त्र द्वन्द्वको क्रममा भएका जबर्जस्ती करणी र अन्य यौनजन्य हिंसाका मुद्दामा उजुरी गर्ने हदम्यादलाई निलम्बन गर्न लागिएको कुरा पनि समितिले जानकारीमा लियो। तर पनि यस सम्बन्धमा समितिका देहायका सरोकारहरू रहेका छन् :

क) सत्य निरुपण तथा मेलमिलाप आयोगलाई संशोधन गर्ने विधेयकले यौनजन्य तथा लिङ्गमा आधारित हिंसालाई मुद्दाको रुपमा अघि बढाउन बाधा सिर्जना गरेको छ र यस्ता कसूरलाई युद्ध अपराध र मानवता विरुद्धको अपराधको रुपमा लिएको छैन किनकी सन् १९९६ देखि २००६ सम्म भएको सशस्त्र द्वन्द्वको समयमा भएका कसुरमा फौजदारी कानुन आकर्षित नहुने व्यवस्था छ। साथै ती कसूरहरूको परिभाषा पनि गरेको छैन, मुद्दा चलाउनु पर्दा अतिरिक्त शर्तहरू पूरा गर्नु पर्ने व्यवस्था गरेको छ, सजायको मात्रा धेरै नै कम गरेको कारण कसूरको गाम्भीर्यताको तुलनामा सजाय असन्तुलित रुपमा रहेको छ, भइरहेका फौजदारी अनुसन्धानहरू पनि निलम्बन गर्ने व्यवस्था छ र आममाफी र क्षमादान दिने व्यवस्था गरिएको छ।

ख) आयुक्तहरूको स्वतन्त्रताको अभाव र आयोगहरूलाई अपर्याप्त स्रोत विनियोजन भएको कराण शान्ति प्रक्रिया अघि बढ्न नसकेको।

ग) सशस्त्र द्वन्द्वका पीडित महिला तथा बालिका, विधवा, बेपत्ता पारिएका परिवारका सदस्यहरू, जबर्जस्ती करणी र अन्य यौनजन्य हिंसाका पीडितहरूलाई अन्तरिम राहत र पूर्ण क्षतिपूर्ति नदिइएको।

घ) सुरक्षा परिषद्को प्रस्ताव नं. १३२५ (२०००) लाई कार्यान्वयन गर्ने दोस्रो राष्ट्रिय कार्ययोजना पारित गर्न ढिलाइ भइरहेको।

२३. समिति द्वन्द्व रोकथाम, द्वन्द्व र द्वन्द्वोत्तर अवस्थामा महिलाको भूमिका सम्बन्धी सामान्य सिफारिस नं. ३० (२०१३) र सामान्य सिफारिस नं. ३३ (२०१५) बमोजिम पक्ष राज्यलाई निम्न सिफारिस गर्दछः

क) सशस्त्र द्वन्द्वको समयमा भएका यौनजन्य हिंसाका मुद्दामा हदम्यादको व्यवस्था हटाउने, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐनको संशोधनलाई पक्ष राज्यको अन्तर्राष्ट्रिय कानुन अन्तर्गतको दायित्व बमोजिम परिमार्जन गर्ने, नागरिक समाज र पीडितहरूसँग परामर्श गर्ने, सन् २०१५ को फेब्रुअरी २६ (तदनुसार २०७१ फागुन १४) को सर्वोच्च अदालतको फैसलालाई ध्यानमा राख्दै क्षमादान सम्बन्धी व्यस्था सच्याउने गरी परिमार्जन गर्ने र ऐनमा लैङ्गिक दृष्टिकोणलाई समावेश गर्ने कुराको सुनिश्चितता गर्ने।

ख) आयुक्तहरूको स्वतन्त्रता र निरपेक्षता सुनिश्चित गर्न आवश्यक उपयुक्त कदमहरू चाल्ने र दुवै आयोगको संचालनको लागि पर्याप्त मानवीय, प्राविधिक र वित्तिय स्रोतहर उपलब्ध गराउने।

ग) सशस्त्र द्वन्द्वको समयमा पीडित भएका महिला र बालिकाहरूलाई अन्तरिम राहत र पूर्ण तथा प्रभावकारी क्षतिपूर्ति, पुनर्स्थापना सहितको न्यायमा पहुँच दिने र भविष्यमा त्यस्ता घटना नदोहोरिने कुराको प्रत्याभूति गर्ने।

घ) महिला, शान्ति र सुरक्षा सम्बन्धी सुरक्षा परिषद्को प्रस्ताव नं. १३२५ (२०००) लाई कार्यान्वयन गर्ने दोस्रो राष्ट्रिय कार्ययोजना पारित गर्ने कार्य चाँडो गरी पक्ष राज्यमा दिगो शान्ति कायम गर्ने।

## मानव बेचबिखन र वेश्यावृत्तिको शोषण

२४. समिति मानव बेचबिखन वा पीडितहरूको पुनर्स्थापनाको लागि हरेक जिल्लामा कोषको व्यवस्था गरेको र न्यायिक तथा कानुन कार्यान्वयन गर्ने अधिकारीहरूलाई मानव बेचबिखनका बारेमा तालिम दिएको कुराको स्वागत गर्दछ।

तर यस सम्बन्धमा निम्न सरोकार व्यक्त गर्दछ :

क) वैदेशिक रोजगार ऐनले महिलालाई वैदेशिक रोजगारीका अवसरबाट वञ्चित गराएको र विदेशी घरेलु कामदारको रुपमा काम गर्न जानबाट रोकेको कारण महिलाहरू खासगरी विस्थापित महिला, गाउँका महिला, आदिवासी तथा दलित महिला र बालबालिकालाई गैरकानुनी किसिमले श्रम आप्रवासनमा जान बाध्य बनाएको कारण मानव बेचबिखनका पीडित हुन सक्ने जोखिम बढेको।

ख) बेचबिखन पीडित महिला र बालबालिकालाई शुरुमै पहिचान गरी अन्यत्र सिफारिस गरी पठाउने संयन्त्रको अभाव।

ग) पीडित तथा साक्षी संरक्षणको अपर्याप्त व्यवस्थाको कारण बदलाको डर भएकोले महिला र बालबालिका विरुद्ध हुने मानव बेचबिखनका अपराधहरूमा कम उजुरी पर्ने गरेको।

घ) मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐनमा मानव बेचबिखनको परिभाषा संकिर्ण किसिमले गरिएको कारण यौनजन्य हिंसाबाट महिला र बालबालिकालाई संरक्षण गर्न नसकिएको, अदालतमा उपस्थित नहुने महिलालाई जरिवाना गर्ने गरिएको र पर्याप्त क्षतिपूर्ति प्रदान नगर्ने गरिएको।

ङ) राज्यका अधिकारीहरूको लापरवाही र प्रत्यक्ष मिलेमतो तथा वैदेशिक रोजगार ऐन अन्तर्गत हुने मानव बेचबिखन सम्बन्धी अभियोजनको कारण महिला र बालिकाविरुद्ध हुने मानब बेचबिखन सम्बन्धी अपराधमा दोषी प्रमाणित हुने दर न्यून भएको तथा कम सजाय निर्धारण भएको।

च) मानव बेचबिखनबाट पीडित महिला तथा बालिकाहरूको लागि आश्रयस्थलको व्यवस्था गर्न पर्याप्त स्रोत वितरण नभएको। साथै वेश्यावृत्तिमा संलग्न महिलाहरू लगायत मानव बेचबिखनका पीडितहरूले आफू बेचिएकै परिणामस्वरुप गरेका कार्यहरूको लागि पक्राउ गरिएको, थुनामा राखिएको र निर्वासन गरिको सम्बन्धी जानकारी आएको।

२५. मानव बेचबिखन तथा लैङ्गिक र अन्य प्रकारका शोषण लगायत सार्वजनिक र निजी क्षेत्रमा महिला र बालिकाविरुद्ध हुने सबै प्रकारका हिंसा निवारण गर्न समिति पक्ष राज्यलाई दिगो विकास लक्ष्यको ५.२ मा लक्षित हुन ध्यानाकर्षण गराउँदछ र देहाय बमोजिमका सिफारिस गर्दछः–

क) वैदेशिक रोजगारमा जान इच्छुक महिला कामदारहरूमा लागू गरिएको प्रतिबन्ध फुकुवा गर्ने र ग्रामिण, विस्थापित, आदिवासी जनजाती र दलित महिला तथा बालिकाहरूमा बेचबिखनका जोखिम र बेचबिखनको आपराधिक प्रकृतिका सम्बन्धमा सचेतना अभिवृद्धि गर्ने;

ख) बेचबिखनका पीडितहरू समयमा नै पहिचान गर्ने र तिनीहरूलाई सुरक्षा सेवा प्रदान गर्ने सुनिश्चित गर्न आधारभूत कार्यविधि अवलम्वन गर्ने र त्यसका विषयवस्तु न्यायिक तथा कानून कार्यान्वयन गर्ने अधिकारी र सेवा प्रदायकहरूलाई प्रदान गरिने प्रशिक्षणमा पनि समावेश गर्ने;

ग) साक्षी र पीडितको सुरक्षा सम्बन्धी विधेयक अविलम्व पारित गर्ने र नेपाल प्रहरी प्रतिष्ठान तथा राष्ट्रिय

न्यायिक प्रतिष्ठान मार्फत पीडितको संरक्षण सम्बन्धी राष्ट्रिय न्यूनतम मापदण्डबारे प्रशिक्षण प्रदान गर्ने;

घ) मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐनको संशोधन विधेयकलाई Protocol to Prevent, Suppress and Punish Trafficking in Persons Especially Women and Children सँग मेल खानेगरी अविलम्ब परिमार्जन गर्ने र विश्वव्यापी आवधिक पुनरावलोकनका बखत गरिएका प्रतिबद्धता बमोजिम हुने गरी उक्त प्रोटोकल अविलम्ब अनुमोदन गर्ने;

ङ) कसूरको गम्भीरता बमोजिम सजाय निर्धारण हुने र बेचबिखनका पीडितहरू आपराधिक दायित्वबाट मुक्त हुने कुराको सुनिश्चितता गरी महिला तथा बालबालिकाको बेचबिखन, भ्रष्टाचार र राज्यका अधिकारीहरूको मिलेमतो सम्बन्धी मुद्दाहरूको अनुसन्धान गर्ने, अभियोजन गर्ने र सजाय निर्धारण गर्ने;

च) बेचबिखनबाट पीडित महिला र बालिकाहरूलाई कानूनी परामर्श, स्वास्थ्य उपचार, मनोवैज्ञानिक सहयोग, पुनःस्थापना र क्षतिपूर्तिमा पहुँच लगायत निजहरूलाई पर्याप्त सुरक्षा र उपचार प्रदान गरिने सुनिश्चितता गर्न पुनर्स्थापना केन्द्रहरूमा पर्याप्त स्रोतहरूको व्यवस्था गर्ने।

२६. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐनले वेश्यावृत्तिको कारणबाट हुने शोषणलाई दण्डित नगरी वेश्यावृत्तिमा संलग्न महिलाहरूलाई दण्ड दिने गरेकोमा समितिको सरोकार रहेको छ। त्यसैगरी मनोरञ्जन तथा अतिथि सत्कार सेवासँग सम्बन्धित क्षेत्रमा गरिने कामको नियमन र उक्त क्षेत्रको अनुगमन नहुने कुरामा पनि समिति सरोकार व्यक्त गर्दछ। कानून कार्यान्वयन गर्ने अधिकारीहरूले वेश्यावृत्तिमा संलग्न महिलाहरूलाई दुर्व्यवहार र हिंसाजन्य कार्य गर्ने गरेको, कण्डम साथमा राख्नुलाई वेश्यावृत्तिमा संलग्न रहेको सम्बन्धी प्रमाणको रुपमा लिइने गरेको र वेश्यावृत्तिमा संलग्न महिलाहरूलाई धम्क्याउने र पक्राउ गर्ने विषयमा समेत यस समितिका सरोकार रहेको छ।

२७. समिति पक्ष राज्य लाई देहाय बमोजिम सिफारिस गर्दछ :–

क) वेश्यावृत्तिमा संलग्न रहेका महिलाहरूको अनुगमन र उनीहरूको शोषणबाट कानूनी सुरक्षा सुनिश्चित गर्ने एक बृहत नीति, कानूनी र नियमनकारी संरचना निर्माण गर्ने र त्यस्तो कार्यमा संलग्न भएकै कारणले उनीहरूलाई अभियोजन नगरिने सुनिश्चितता गर्ने;

ख) वेश्यावृत्तिमा संलग्न महिलाहरूलाई दुर्व्यवहार गर्ने र धम्क्याउने कानून कार्यान्वयन गर्ने अधिकारीहरूका सम्बन्धमा अनुसन्धान गर्ने, अभियोजन गर्ने र सजाय दिने र पीडितहरूलाई लैङ्गिक संवेदनशील ढंगले सुरक्षा र सहयोग प्रदान गरिने कुराको सुनिश्चित गर्ने;

ग) वेश्यावृत्ति छोड्न चाहने महिलाहरूको लागि बहिर्गमन कार्यक्रम सुदृढ तुल्याउने।

## राजनीतिक र सार्वजनिक कार्यमा सहभागिता

२८. राज्यका सम्पूर्ण निकायहरू र संघीय संसदमा महिलाको प्रतिनिधित्व सम्बन्धी संवैधानिक व्यवस्था प्रारम्भ गरेकोमा समिति प्रशंसा गर्दछ। तर समिति देहायका विषयहरूमा सरोकार राख्दछ :–

क) न्यायपालिका, कानून कार्यान्वयन निकाय र परराष्ट्र सेवामा महिलाको निम्न प्रतिनिधित्व हुनु;

ख) विशेषगरी दलित महिलाको हकमा निर्वाचनको आरक्षण र समानुपातिक समावेशिता सम्बन्धी संवैधानिक प्रावधानको कार्यान्वयन अपर्याप्त हुनु;

ग) संघीय तहमा उप सभामुख र स्थानीय तहमा उप मेयर वा उपाध्यक्ष जस्ता तल्लो पदमा, विशेषगरी दलित र आदिवासी जनजाती महिलाहरूको, उच्च प्रतिनिधित्व हुनु;

घ) स्थानीय तहमा निर्वाचित महिलाहरू, विशेषगरी दलित र आदिवासी जनजाती महिलाहरू, सँग निर्णय प्रक्रियाको क्रममा छलफल सल्लाह नगरिनु र निजहरूलाई प्राप्त जनादेश प्रभावकारी रुपमा पूरा गर्न निजहरूको क्षमता अभिवृद्धि गर्ने प्रयासहरू अपर्याप्त हुनु;

२९. राजनीतिक र सार्वजनिक जीवनमा महिला सम्बन्धी सामान्य सिफारिस नं २३ (१९९७) अनुरुप हुने गरी कार्य गर्न समितिले पक्ष राज्यलाई देहायका सिफारिसहरू गर्दछ :–

क) न्यायपालिका, कानून कार्यान्वयन र कुटनैतिक सेवामा, विशेषगरी निर्णय निर्माणको तहमा, महिला र पुरुषबीच सारभूत समानता हासिल गर्न, महासन्धिको धारा ४ (१) र समितिको सामान्य सिफारिस नं ५ को मर्म अनुरुप हुने गरी लक्षित उपायहरू अवलम्बन गर्ने;

ख) निर्वाचनमा आरक्षण गरिएका स्थानको कार्यान्वयन तथा स्थानीय, जिल्ला र संघीय तहमा राज्यका निकायहरूको संगठन संरचनाको अनुगमन र कार्यान्वयन गर्ने र यो नियमको परिपालना नगर्ने राजनीतिक दलहरूलाई दण्ड दिने सम्बन्धी उपायमा विचार गर्ने;

ग) महिला र पुरुष बीच समानता हासिल गर्न उम्मेदवारको सूचीको लागि महिला र पुरुष पालैपालो हुने गरी समानुपातिक प्रतिनिधित्व प्रणाली (कहिलेकाहीँ slide वा zipper प्रणाली पनि भनिने) प्रारम्भ गर्ने र निवार्चनमा उठ्ने महिला र सार्वजनिक कार्यालयहरूमा निर्वाचित महिलाहरूको लागि लक्षित प्रशिक्षण र सल्लाह सम्बन्धी कार्यक्रम र वर्तमान तथा भविष्यका महिला नेताहरूलाई नेतृत्व र वार्ता कला तथा कुशलता सम्बन्धी कार्यक्रम अभिवृद्धि गर्ने ;

घ) निर्णय प्रक्रियामा दलित र आदिबासी जनजाती महिला लगायतका समाजका सम्पूर्ण समूहका महिलाहरूको पूर्ण र समान सहभागिताको महत्व सम्बन्धमा सार्वजनिक अधिकारीहरू र समाजको सचेतना अभिवृद्धि गर्ने।

## नागरिकता

३०. पक्ष राज्यले नागरिकता लिने सम्बन्धी संवैधानिक व्यवस्था समानता र अविभेदको सिद्धान्तमा आधारित भएको भनी दिएको जानकारी र नागरिकता सम्बन्धी ऐनलाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा पेश गरेको विषय यस समितिले ध्यानमा लिएको छ। तर पनि समिति देहायका विषयहरूमा सरोकार राख्दछ :–

क) विवाहका माध्यमबाट नागरिकता दिलाउन नसक्ने तथा आफ्नो सन्ततिलाई नागरिकता दिलाउने सक्षमतासँग सम्बन्धित महिलाको स्वाधीनतालाई सिमित गर्ने संविधानको धारा ११ (३), ११ (५) र ११ (७) का विभेदकारी व्यवस्थाहरू;

ख) महिला, विशेषगरी एकल महिला, हरूलाई निजहरूको सन्ततिलाई नागरिकता प्रमाणपत्र दिन र दर्ता गर्न स्वीकृति नभएको र यसको कारण निज महिलाहरू र निजका सन्तति बैङ्क खाता खोल्न, सवारी चालक अनुमतिपत्र लिन, निर्वाचनमा मत हाल्न, सम्पत्ति व्यवस्था गर्न, शिक्षामा पहुँच राख्न, यात्रासम्बन्धी कागजात प्राप्त गर्न, सार्वजनिक क्षेत्रमा रोजगार गर्न र सामाजिक सेवाहरूबाट लाभ लिनबाट वञ्चित हुने गरेको;

ग)	पक्ष राज्यमा ठूलो संख्यामा मानिसहरू राज्यविहिन हुने जोखिममा रहेका र सन् १९५४ को राज्यविहिन व्यक्तिहरूको अवस्था सम्बन्धी महासन्धि र सन् १९६१ को राज्यविहिनता न्यूनीकरण सम्बन्धी महासन्धिलाई सम्मिलन गर्ने निश्चित समय–तालिका नरहेको ।

३१. यस समितिले महिला शरणार्थीको अवस्था, शरण/आश्रय, नागरिकता र राज्यविहिनताका लैङ्गिक आयामहरू सम्बन्धी सामान्य सिफारिस नं ३२ (२०१४) अनुरुप देहायका सिफारिस गर्दछ :–

क)	विश्वव्यापी आवधिक पुनरावलोकनका क्रममा गरिएका प्रतिबद्धताहरू बमोजिम नेपाली महिलाहरूले देशभित्र वा बाहिर जहाँ रहे तापनि निजका सन्ततिलाई र निजका विदेशी पतिलाई नेपाली पुरुषको सरहको शर्तमा आफूबाट नागरिकता प्रदान गर्न सक्ने कुराको प्रत्याभूत गर्न महासन्धिको धारा ९ (२) सँग बाझिएका संविधानका सम्पूर्ण विभेदकारी व्यवस्थाहरू संशोधन वा खारेज गर्ने;

ख)	पति वा पत्निको परिवारको सहमति र सहयोग र पति कहाँको भन्ने सम्बन्धी र पतिको पहिचान सम्बन्धी कागजातहरूको आवश्यकता हटाई नागरिकता ऐन संशोधन गर्न बनेको विधेयक र सम्बन्धित नियमहरूका साथै जन्म, मृत्यु र अन्य व्यक्तिगत घटना दर्ता ऐनको मस्यौदा महासन्धिको मर्म अनुरुप हुने गरी बनाउने;

ग)	आमाको नेपाली नागरिकताको आधारमा निजको सन्ततिलाई नागरिकताको प्रमाणपत्र प्रदान गर्ने र नागरिकता सम्बन्धी निवेदन लिन अस्विकार गरेमा सोको उजुर गर्ने संयन्त्र स्थापना गर्ने सम्बन्धी सन् २०१३ मा जारी गरिएको परिपत्रका सम्बन्धमा जिल्ला प्रशासन कार्यालयका अधिकारीहरूलाई प्रशिक्षण दिने;

घ)	महिलाहरूले नागरिकताको प्रमाण सुरक्षित गर्न भोग्नु पर्ने समस्यालाई मध्यनजर गर्दै नागरिकताको प्रमाणपत्र जारी गर्ने टोली खटाई आवधिक रुपमा नागरिकताको प्रमाणपत्र वितरण गर्ने अभियान सञ्चालन गर्ने;

ङ)	सन् १९५४ को राज्यविहिन व्यक्तिहरूको अवस्था सम्बन्धी महासन्धि र सन् १९६१ को राज्यविहिनता न्यूनीकरण सम्बन्धी महासन्धिलाई सम्मिलन गर्ने ।

## शिक्षा

३२. शिक्षामा महिलाहरूलाई विशेष अवसर सम्बन्धी संविधानमा व्यवस्था गरिएको, समावेशी शिक्षा नीति अपनाइएको र विद्यालय भर्ती सम्बन्धमा लैङ्गिक समानतामा महत्वपूर्ण प्रगति भएकोमा समिति स्वागत गर्दछ। तर समिति देहायका विषयमा सरोकार व्यक्त गर्दछ :–

क)	गरीब घरपरिवारका, दुर्गम क्षेत्रका, तल्लो जातका, आदिवासी जनजाती र धार्मिक तथा भाषिक अल्पसंख्यक समूहका बालिकाहरू र शारीरिक अपाङ्गता भएका बालिकाहरूमा विद्यालय भर्ना हुने दर न्यून र विद्यालय छोड्ने दर उच्च भएको;

ख)	सन् २०१५ मा गएको भू–कम्पका कारण लगायतले धरासायी शैक्षिक पूर्वाधार जसले गर्दा बालिकाहरू विद्यालय जान लामो दूरी तय गर्न बाध्य भएको र स्वच्छ खानेपानी तथा पर्याप्त सरसफाई सुविधामा पहुँचको कमी भएको;

ग)	बालिकाहरूले विद्यालयमा शिक्षक शिक्षिका लगायतबाट हुने यौनजन्य दुर्व्यवहार, शारीरिक सजाय र दुर्व्यवहारबाट पीडित भएको;

घ)	सामुदायिक विद्यालयहरूमा शिक्षिकाहरूको प्रतिनिधित्व न्यून भएको ।

३३. दिगो विकास लक्ष्यको लक्ष्य ४.५ लाई मध्यनजर गर्दै, बालिकाहरू र महिलाहरूको शिक्षाको अधिकार सम्बन्धी सामान्य सिफारिस नं ३६ (२०१७) अनुरुप समिति पक्ष राज्यलाई शिक्षामा भएको लैङ्गिक विभेद निवारण गर्न देहाय बमोजिमका सिफारिस गर्दछ :–

क) गरीब घरपरिवारका, दुर्गम क्षेत्रका, तल्लो जातका, आदिवासी जनजाती र धार्मिक तथा भाषिक अल्पसंख्यक समूहका बालिकाहरू र शारीरिक अपाङ्गता भएका बालिकाहरूको लागि सहयोग संयन्त्र, छात्रवृत्ति र प्रोत्साहन अभिवृद्धि गरेर, शिक्षक शिक्षिकाहरूलाई समावेशी विद्यालयका सम्बन्धमा प्रशिक्षण दिएर र पक्ष राज्यको विद्यालय क्षेत्र सुधार योजनाको खाकामा ती उपायहरूको कार्यान्वयनको अनुगमन गरेर शिक्षामा समानता र समावेशिता प्रवर्द्धन गर्ने क्रियाकलाप सुदृढ पार्ने;

ख) समुदायबाट मनासिब दुरीमा रहने गरी बालिका तथा अपाङ्गमैत्री विद्यालयहरू रहेको सुनिश्चित गर्ने र स्वच्छ खानेपानी र बालिकाहरूको लागि छुट्टै सफा शौचालयको व्यवस्थ गर्ने;

ग) विद्यालयभित्र र बाहिर बालिकाहरूको सुरक्षा सम्बन्धी विषय सम्बोधन गर्ने, विद्यालयमा बालिकाविरुद्ध हुने शारीरिक दण्ड, कष्ट, दुर्व्यवहार वा लैङ्गिकतामा आधारित हिंसा जस्ता कार्यहरूको प्रभावकारी अनुसन्धान र अभियोजन गर्ने र सुरक्षित विद्यालय घोषणापत्र अनुमोदन गर्ने;

घ) शिक्षक शिक्षिका प्रशिक्षण केन्द्र र कलेजहरूमा महिलाको प्रवेश वृद्धि लगायतका कार्य गरेर प्राथमिक र माध्यामिक तहमा शिक्षिकाको अनुपात अभिबृद्धि गर्ने;

ङ) शिक्षामा हुने विभेदका विरुद्ध राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक र साँस्कृतिक संगठन महासन्धिमा सम्मिलन हुने।

## रोजगारी

३४. समान महत्वको काममा समान पारिश्रमिक सुनिश्चित गर्ने, लिङ्गका आधारमा विभेद निषेध गर्ने र घरेलु कामदारहरूलाई न्यूनतम पारिश्रमिक र सार्वजनिक र साप्ताहिक बिदा प्रदान गर्ने कानुनी व्यवस्था रहेको श्रम ऐनलाई समिति स्वागत गर्दछ। समितिले सुरक्षित बसाई–सराई सम्बन्धी नीति बनाइएको कुरालाई पनि जानकारीमा राखेको छ। तर यस समिति देहायका विषयहरूमा सरोकार व्यक्त गर्दछ :–

क) श्रम बजारमा विद्यमान ठाडो र तेर्सो विभाजनलाई निवारण गर्न अपनाइएका उपायहरूसम्बन्धी जानकारीको अभाव रहेको;

ख) औपचारिक र अनौपचारिक क्षेत्रमा रोजगार गर्ने महिलाहरू, विशेषगरी घरेलु काममा संलग्न कामदारहरू, मा योगदानमा आधारित समाजिक सुरक्षा ऐन अन्तर्गत रहेका निजहरूको अधिकारका सम्बन्धमा सचेतनामा कमी भएको र सो कार्यान्वयन गर्न कोष अपर्याप्त रहेको कारणले उक्त ऐनमा विस्तार गरिएको सुरक्षणबाट महिलाहरूले लाभ लिन नसकेको;

ग) यौनजन्य दुर्व्यवहारका घटनाहरूको उजुरी न्यून भएको र कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (नियन्त्रण) ऐनको कार्यान्वयन अपर्याप्त रहेको;

घ) श्रम ऐनमा व्यवस्था गरिए बमोजिमको कार्य अवस्थाका शर्तहरूको कार्यान्वयन प्रत्याभूत गर्न घरेलु काम र मनोरञ्जन क्षेत्र लगायतका औपचारिक र अनौपचारिक कार्यस्थलहरूको निरीक्षण अपर्याप्त भएको।

३५. सम्पूर्ण महिला र पुरुषको लागि पूर्ण र उत्पादनशील रोजगार र सभ्य काम तथा समान महत्वको कामको लागि

समान ज्यालाको लागि दिगो विकास लक्ष्यको लक्ष्य ८.५ लाई मध्यनजर गर्दै समिति पक्ष राज्यलाई देहाय बमोजिमको सिफारिस गर्दछ :–

क) अर्को प्रतिवेदनमा श्रम बजारमा रहेको ठाडो र तेर्सो विभाजनको विषय सम्बोधन गर्न तथा उन्मुलन गर्न अपनाइएका उपायहरूको सम्बन्धमा जानकारी प्रदान गर्ने;

ख) औपचारिक र अनौपचारिक क्षेत्रमा कार्यरत महिलाहरू, विशेषगरी घरेलु काममा संलग्न कामदारहरू, मा सामाजिक सुरक्षासम्बन्धी अधिकारका सम्बन्धमा सचेतना अभिवृद्धि गर्ने र योगदानमा आधारित सामाजिक सुरक्षा ऐनमा व्यवस्था गरिए बमोजिमको सुरक्षणको कार्यान्वयनका लागि पर्याप्त श्रोतहरू व्यवस्था गर्ने;

ग) यौनजन्य दुर्व्यवहारका घटनामा मौन रहने संस्कारको अन्त्य गर्न, गोप्य र सुरक्षित उजुरी संयन्त्र स्थापना गर्न र कार्यस्थलमा यौनजन्य दुर्व्यवहारका पीडितहरूको न्यायमा पहुँचको लागि सहजीकरण गर्न सार्वजनिक र निजी क्षेत्रका कामदार र रोजगारदाताहरूलाई यौनजन्य दुर्व्यवहार विरुद्धको आचारसंहिता र कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (नियन्त्रण) ऐनको सम्बन्धमा सचेतना अभिवृद्धि गर्ने;

घ) घरेलु काम र मनोरञ्जन क्षेत्र लगायत श्रम ऐनले समेट्ने सम्पूर्ण क्षेत्रमा महिलाहरूको अवस्था प्रभावकारी रुपमा अनुगमन गर्न र श्रम बजारमा महिलाहरूको न्यायमा पहुँच अभिवृद्धि गर्न राष्ट्रिय श्रम निरीक्षण प्रणालीको गुणस्तर र क्षमता सुदृढ गर्ने।

## आप्रवासी महिला कामदार

३६. पक्ष राज्यले नेपाली कामदारहरूको सुरक्षाका लागि जोर्डन र कतारसँग श्रम सम्झौता तथा बहराइन, इजरायल, जापान, गणतन्त्र कोरिया र संयुक्त अरब एमिरेट्ससँग समझदारीपत्र सम्पन्न गरेको विषयका सम्बन्धमा यस समिति प्रशंसा गर्दछ। तर समिति देहायका विषयहरूमा सरोकार व्यक्त गर्दछ :–

क) वैदेशिक रोजगार ऐन र आप्रवासी महिला घरेलु कामदार निर्देशिका अन्तर्गत महिलाहरूको वैदेशिक रोजगारमा पहुँच उपर बन्देज रहेको;

ख) आवतजावत सम्बन्धी स्वतन्त्रतामा बन्देज र प्रस्थान पूर्वको प्रशिक्षण सिमित रहेको कारणबाट महिलाहरूले विभेदकारी प्रचलन, शारीरिक दुर्व्यवहार र यौनजन्य कुटपिट, बाध्यकारी श्रम र असमान पारिश्रमिकको पीडा खेप्नु परेको,

ग) पक्ष राज्यमा फर्किने नेपाली आप्रबासी महिला घरेलु कामदारहरूको पुनर्स्थापनाको लागि सहयोग संयन्त्रको अभाव रहेको।

३७. दिगो विकास लक्ष्यको लक्ष्य ८.८ लाई पुनःस्मरण गर्दै आप्रवासी कामदारहरू लगायत सम्पूर्ण कामदारहरू, विशेषगरी महिला कामदारहरू, को श्रम अधिकारको सुरक्षा गर्ने र सुरक्षित कार्य वातावरण प्रवर्द्धन गर्न समिति पक्ष राज्यलाई देहायका सिफारिस गर्दछ :–

क) विदेशमा काम गर्न प्रयत्नरत महिलाहरू उपर लगाइएको सम्पूर्ण विभेदकारी बन्देज खारेज गर्ने लगायत आप्रबासी महिला घरेलु कामदार सम्बन्धी निर्देशिकाको शीघ्र परिमार्जन गरी पक्ष राज्यभित्र र बाहिर रोजगारीमा महिलाको समान पहुँच प्रत्याभूत गर्ने;

ख) सम्पूर्ण दुई पक्षीय सम्झौताहरूमा श्रम ऐनमा व्यवस्था गरिएको घरेलु काम लगायतसँग सम्बन्धित मापदण्डहरू समावेश गर्ने र प्रस्थान पूर्व र आगमन पश्चात लैङ्गिक संवेदनशील अभिमुखीकरण सेवा

अभिवृद्धि गर्ने, वैदेशिक रोजगार, गन्तव्य मुलुकमा र वैदेशिक रोजगार ऐन अन्तर्गतको आप्रवासी महिलाको अधिकार र ती अधिकार दाबी गर्नेसम्बन्धी कानूनी सचेतना समावेश गर्ने;

ग) पक्ष राज्यमा फर्किने नेपाली आप्रबासी महिलाको समाजिक पुनर्स्थापनाको लागि एक नीति अवलम्बन गर्ने र सेवा व्यवस्था अभिवृद्धि गर्ने;

घ) अन्तर्राष्ट्रिय श्रम संगठनको घरेलु कामदार सम्बन्धी महासन्धि, २०११ (नं १८९) अनुमोदन गर्ने।

**स्वास्थ्य**

३८. समिति निःशुल्क र विभेदरहित स्वास्थ्य सेवा र विद्यालयको पाठ्यक्रममा प्रजनन स्वास्थ्य सम्बन्धी विषय समावेश गर्ने सम्बन्धी व्यवस्था गरिएको सार्वजनिक स्वास्थ्य सम्बन्धी विधेयक उपर भइरहेको छलफलको प्रशंसा गर्दछ। तर समिति देहायका विषयमा सरोकार राख्दछ :–

क) विद्यालयमा प्रदान गरिने प्रजनन स्वास्थ्य सम्बन्धी शिक्षाले अनिच्छित गर्भधारण र त्यसका परिणामबाट सुरक्षित हुन आवश्यक ज्ञान र जीवनोपयोगी सीपका सम्बन्धमा विद्यार्थीहरूलाई प्रशिक्षित नगर्ने;

ख) पक्ष राज्यमा गर्भपतनलाई अपराधको रुपमा परिभाषित गरिएको छ तथापि एक अनुमान अनुसार करिब ६२ प्रतिशत अनिच्छित गर्भाधान गर्भपतनमा अन्त्य हुने र तीमध्ये आधा भन्दा बढी गर्भपतन गैरकानूनी ढङ्गले आमाको जीवन र स्वास्थ्य जोखिममा पारी गरिने कुरा इङ्गित गर्दछ;

ग) उच्च गुणस्तरीय यौनजन्य र प्रजनन स्वास्थ्य सेवा तथा सूचनामा महिला र बालिकाहरूको पहुँच अपर्याप्त रहेको परिणामस्वरुप उच्च मातृमृत्यु दर, पाठेघर खस्ने समस्या, प्रसवसम्बन्धी फिस्टुला, पाठेघरको मुखको क्यान्सर र प्रजनन नली संक्रमण विद्यमान रहेको;

घ) दलित, आदिवासी जनजाती महिला, अपाङ्गता भएका महिला, समलिङ्गी महिला, विलिङ्गी, परलिङ्गी महिला तथा अन्तरलिङ्गी व्यक्ति, वेश्यावृत्तिमा संलग्न महिला र दुर्गमा क्षेत्रका महिलाहरू विरुद्ध स्वास्थ्य सेवा प्रदायकहरूद्वारा भेदभाव गरिने गरेको।

३९. महिला र स्वास्थ्यसँग सम्बन्धित सामान्य सिफारिस नं २४ (१९९९) को मर्म अनुरुप र दिगो विकास लक्ष्यको लक्ष्य ३.१, विश्व मृत्युदरको न्यूनीकरण, र लक्ष्य नं ३.७, बमोजिम यौनजन्य र प्रजनन स्वास्थ्य उपचार सेवामा विश्वव्यापी पहुँच सुनिश्चित गर्न समिति पक्ष राज्यलाई देहायका सिफारिस गर्दछ :–

क) शिक्षाको सबै तहमा यौन तथा प्रजनन स्वास्थ्य र अधिकार, कलिलो उमेरमा हुने गर्भधारण रोकथामको लागि जिम्मेवार यौन व्यवहार र उपायहरू तथा यौन सम्पर्कबाट सर्ने संक्रमणसम्बन्धी जानकारी समावेश गरी उमेर सुहाँउदो र लैङ्गिक संवेदनशील, बृहत यौन शिक्षा सम्बन्धी पाठ्यक्रम तयार गर्ने र ती पाठ्यक्रम अध्यापन गराउन शिक्षक शिक्षिकाहरूलाई प्रशिक्षण दिने;

ख) सम्पूर्ण परिस्थितिमा गर्भपतनलाई अपराध नमान्ने, जबर्जस्ती करणी, हाडनाता करणी, शिशुलाई हुने गम्भीर अपाङ्गता, आमाको जीवनमा जोखिम हुँदाका अवस्थाहरूमा गर्भपतन वैधानिक हुने व्यवस्था थप गर्ने र कम्तिमा पनि आमाको स्वास्थ्यमा जोखिम भएको अवस्थामा गर्भपतनलाई वैधानिक बनाउने गरी सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य अधिकार सम्बन्धी ऐन संशोधन गर्ने र सुरक्षित गर्भपतन क्लिनिक र सेवाहरू सम्बन्धी सचेतना अभिवृद्धि गर्न पर्याप्त स्रोत वितरण गर्ने;

ग) विश्वव्यापी आवधिक पुनरावलोकनका बखत गरिएका प्रतिबद्धताहरूको मर्म अनुरुप हुने गरी ग्रामीण र

दुर्गम क्षेत्र लगायतका सम्पूर्ण महिलाहरू र बालिकाहरूको उच्च गुणस्तरीय र उमेर सुहाँउदा यौनजन्य र प्रजनन स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न उपायहरू सुदृढ गर्ने र पर्याप्त स्रोत वितरण गर्ने;

घ) दलित, आदिवासी जनजाती महिला, अपाङ्गता भएका महिला, समलिङ्गी महिला, विलिङ्गी, परलिङ्गी महिला तथा अन्तरलिङ्गी व्यक्ति, वेश्यावृत्तिमा संलग्न महिला र दुर्गमा क्षेत्रका महिलाहरू विरुद्ध स्वास्थ्य सेवा प्रदायकहरूद्वारा भेदभाव अन्त्य गर्ने।

## सुविधाबाट वञ्चित महिलाहरूको समूह

४०. समिति संविधानको धारा १८(३) मा दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकको सशक्तीकरणका लागि कानून बमोजिम विशेष व्यवस्था गर्ने सम्बन्धी प्रावधानको स्वागत गर्दछ। तर समिति देहायका विषयहरूमा सरोकार राख्दछ :–

क) संविधानमा आदिबासी जनजाति महिलाहरूको अधिकारको पहिचानको अभाव र आदिवासी जनजातिहरूको आत्मनिर्णयको अधिकारको पहिचानको अभाव रहेको;

ख) सन् २०११ को जातीयतामा आधारित भेदभाव र छुवाछुत (कसूर तथा सजाय) ऐन जस्ता अल्पसंख्यक समूहमा पर्ने व्यक्तिहरूका विरुद्ध हुने भेदभावबाट सुरक्षा सम्बन्धी कानूनहरूको कार्यान्वयन अपर्याप्त रहेको;

ग) पक्ष राज्यको आर्थिक विकास र गरिबी सूचकहरूले दलित, आदिवासी जनजाति, मधेशी, थारू महिलाहरू, उत्पीडित वर्गका महिलाहरू, हिन्दु समुदायका विधवा महिलाहरू र ग्रामीण क्षेत्रका महिलाहरूमा न्यून प्रतिफल प्राप्त भएको सन्दर्भमा सन् २०१५ को भूकम्पले खाद्य असुरक्षाको समस्या गम्भीर बनाएको र ती समूहका महिलाहरूको प्राकृतिक श्रोतहरू, आवास, सुरक्षित खानेपानी र ऋण सुविधामा पहुँचको अभाव रहेको।

४१. ग्रामीण महिलाहरूको अधिकार सम्बन्धी समितिको सामान्य सिफारिस नं ३४ (२०१६) र जलवायु परिवर्तनको सन्दर्भमा प्रकोपको जोखिम न्यूनीकरण गर्ने लैङ्गिकता सम्बन्धी आयामहरू सम्बन्धी सामान्य सिफारिस नं ३७ (२०१८) को मर्म अनुरुप समिति देहायका सिफारिस गर्दछ :–

क) आदिवासी जनजाति मानिसहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघको घोषणापत्रको मर्म अनुरुप, आदिवासी जनजाति महिलाहरूको अधिकार, विशेषगरी आत्मनिर्णयको अधिकारलाई स्पष्ट रुपले मान्यता दिने गरी संविधान संशोधन गर्ने;

ख) विश्वव्यापी आवधिक पुनरावलोकनका क्रममा गरिएका प्रतिबद्धताहरूको मर्म अनुरुप हुनेगरी जातीयतामा आधारित भेदभाव र छुवाछुत (कसूर तथा सजाय) ऐनको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न सम्पूर्ण आवश्यक उपायहरू अवलम्वन गर्ने;

ग) विभिन्न प्रकारका भेदभाव खेपिरहेका आदिवासी जनजाति, दलित महिला, ग्रामीण महिला, अपाङ्गता भएका महिला र हिन्दु समुदायमा विधवा महिलाका साथै द्वन्द्व र प्राकृतिक प्रकोपबाट प्रभावित महिलाहरू लगायतका महिलाहरूको स्वास्थ्य सेवा, शिक्षा, सुरक्षित पानी र सरसफाई सेवा, खाना, उर्बर जमीन,

प्राकृतिक स्रोत, आवास, ऋण र आय आर्जन गर्ने अवसरमा पहुँच अभिवृद्धि गर्न विशेष अवसरहरू सम्बन्धी संवैधानिक प्रावधानहरूको मर्म अनुरुप हुने गरी स्पष्ट समय तालिका सहित अस्थायी विशेष उपायहरू अवलम्बन गर्नुका साथै राष्ट्रपति महिला उत्थान कार्यक्रम सञ्चालन गर्ने।

## विवाह र परिवार सम्बन्धी विभेदकारी कानून

४२. यस समिति सन् २०१५ मा लागू भएको लैङ्गिक समानता कायम गर्न र लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐनले मुलुकी ऐनमा रहेको सम्पूर्ण विभेदकारी व्यवस्थाहरू हटाएको सम्बन्धी पक्ष राज्यले दिएको जानकारीलाई ध्यानमा लिएको छ। तर हाल अपराध संहिता र देवानी संहिताले मुलुकी ऐनको प्रतिस्थापन गरे तापनि नेपाली महिलाहरूले विवाह र सम्बन्धविच्छेदका सम्बन्धमा पुरुषसरह समान अधिकार उपभोग गर्न नपाएको कुरा प्रति समितिको सरोकार रहेको छ। यस समिति विशेषगरी देहायका विषयमा सरोकार व्यक्त गर्दछ :–

क) देवानी संहिताले बहुविवाहलाई निषेध गरे तापनि महिलाले बच्चालाई जन्म दिए पश्चात् सो बच्चाको बुबासँग स्वत विवाह भएको मानिने व्यवस्था;

ख) विवाह दर्ता अनिवार्य नरहेको कारणले गर्दा दर्ता नभएका वा परम्परागत रुपमा विवाह भएका महिलाहरूलाई कानूनी अधिकार दाबी गर्न बाधा हुने कुरा;

ग) अपराध संहिताले बाल विवाहलाई अमान्य र बदर हुने व्यवस्था गरेपनि देवानी संहिताले सो अनुरुप व्यवस्था नगरेको र अपराध संहिताको दफा १७३(१) र (३) मा बालविवाह दण्डनीय बनाए तापनि बाल विवाह आम रुपमा प्रचलनमा रहेको;

घ) केही समुदायहरूमा पतिले तीन पटक तलाक दिएपछि सम्बन्ध विच्छेद हुने जस्तो विभेदकारी परम्परा प्रचलनमा रहेको;

ङ) महिलाले पतिलाई खान लाउन नदिएकोमा, पतिसँग नबसेमा, पति उपर शारीरिक वा मानसिक हानि पुर्‍याएमा वा पुर्‍याउने योजना बनाएमा वा महिलाको अन्य पुरुषसँग यौन सम्बन्ध राखेको ठहरी सम्बन्धविच्छेद भएमा निजले सम्पत्ति सम्बन्धी अधिकारबाट वञ्चित हुनुपर्ने देवानी संहिताको विभेदकारी व्यवस्था;

च) देवानी संहितामा रहेको पैतृक सम्पत्ति र अंशमा छोरा र छोरीको समान अवस्था सम्बन्धी व्यवस्थाको अपर्याप्त कार्यान्वयन।

४३. विवाह र पारिवारिक सम्बन्धमा समानतासम्बन्धी सामान्य सिफारिस नं २९ (१९९४) र विवाह, पारिवारिक सम्बन्ध र त्यसको समाप्तिबाट हुने आर्थिक परिणाम सम्बन्धी सामान्य सिफारिस नं २९ (२०१३) अनुरुपसमिति पक्ष राज्यलाई देहायका सिफारिस गर्दछ :–

क) सबै प्रकारका बहुविवाहलाई गैरकानूनी बनाउन, महिलाले बच्चालाई जन्म दिएमा उक्त बच्चाको बुबासँग स्वतः विवाह हुने देवानी संहिताको प्रावधान खारेज गर्ने र महिलाले स्वतन्त्र र पूर्ण सहमतिमा मात्रै विवाह गर्ने सुनिश्चित गर्न कानूनी सुरक्षाको स्थापना गर्ने;

ख) दर्ता नगरिएका विवाह अन्तर्गतका र सो विवाह तथा बहुविवाहको समाप्तिबाट उत्पन्न हुने महिलाको अधिकारको संरक्षण गर्न कानूनी व्यवस्था गर्ने, धार्मिक र परम्परागत विवाह लगायतका सम्पूर्ण विवाहहरूको दर्ता अनिवार्य गर्ने र अपराध संहितामा व्यवस्था गरिएको विवाहको लागि आवश्यक न्यूनतम उमेरहदको

प्रावधानको पूर्ण कार्यान्वयन गर्ने;

ग) बाल विवाहको प्रचलन उन्मुलन गर्ने र सम्पूर्ण बालविवाह बदर घोषित हुने, बालविवाह हुने बालबालिकाहरू दण्डित नहुने र त्यस्तो सम्बन्धको समाप्ति पश्चात निजहरूको अधिकारमा पहुँच हुने कुराको सुनिश्चितता गर्ने;

घ) विवाह र सम्बन्ध विच्छेदको विषयमा समानता प्रवर्द्धन गर्ने कानूनी र नीतिगत उपायहरू मार्फत पतिले तीन पटक तलाक दिएपछि सम्बन्ध विच्छेद हुने प्रचलन उन्मुलन गर्ने;

ङ) महिलाले वैवाहिक सम्बन्धको समयमा परिवारको आर्थिक अवस्था सुधारमा योगदान दिएको विषयलाई मध्यनजर गर्दै सम्बन्ध विच्छेद हुने आधार, कारण र वित्तीय परिणामका सम्बन्धमा लगायत सम्बन्ध विच्छेद सम्बन्धी महिला र पुरुषको समान अधिकार प्रत्याभूत गर्ने;

च) जग्गा जमिन लगायतका अंशमा महिला र पुरुषको समान अधिकारसम्बन्धी कानूनी प्रावधानहरू लागू गर्ने।

## तथ्यांक संकलन तथा विश्लेषण

४४. लिङ्ग, भौगोलिक अवस्थिति र अन्य सान्दर्भिक कारणहरूको आधारमा, विशेषगरी महिला विरुद्ध हुने लैङ्गिकतामा आधारित हिंसा, बेचबिखन, वेश्यावृत्तिमा हुने शोषणका सम्बन्धमा विविधिकृत तथ्याङ्कको अभाव प्रति समिति आफ्नो सरोकार व्यक्त गर्दछ। त्यसले गर्दा महिलाहरूलाई उनीहरूको मानव अधिकार प्रयोग अभिवृद्धि गर्न बनाइएका नीति तथा कार्यक्रमहरूको असर र प्रभावकारिताको मूल्याङ्कन गर्न वञ्चित गर्दछ।

४५. समिति पक्ष राज्यलाई लिङ्ग, लैङ्गिकता, उमेर, जातीयता, जात, वैवाहिक अवस्था, अपाङ्गता र व्यवसायको आधारमा विविधिकृत तथ्याङ्क सङ्कलन गर्न जनगणना सम्बन्धी ऐनको अविलम्ब परिमार्जन गर्न र सम्पूर्ण राज्यका नीति र कार्यक्रमबाट त्यस्तो तथ्याङ्क सङ्कलन अनिवार्य बनाउन सिफारिस गर्दछ।

## महासन्धिको धारा २०(१) को संशोधन

४६. यस समितिले पक्ष राज्यलाई महासन्धिको धारा २०(१) मा भएको संशोधन अविलम्ब स्वीकार गर्न प्रेरित गर्दछ।

## बेईजिङ्ग घोषणापत्र र कार्ययोजना

४७. समिति पक्ष राज्यलाई महासन्धिका व्यवस्थाहरू कार्यान्वयन गर्ने सन्दर्भमा बेईजिङ्ग घोषणापत्र र कार्ययोजनाको प्रयोग गर्न आह्वान गर्दछ।

## प्रचार प्रसार

४८. समिति पक्ष राज्यलाई यी निश्कर्ष सुझावहरूको पूर्ण कार्यान्वयनका लागि यसलाई पक्ष राज्यको आधिकारिक भाषामा समयमा नै राज्यको सबै तहका सम्बन्धित निकायहरू (राष्ट्रिय, प्रदेशस्तर र स्थानीय) मा विशेषगरी सरकार, मन्त्रालयहरू, संघीय संसद् र न्यायापालिकामा प्रचार प्रसार गर्न अनुरोध गर्दछ।

## प्राविधिक सहायता

४९. समिति पक्ष राज्यलाई महासन्धि आफ्नो विकासका प्रयासहरूसँग जोड्न र यस सन्दर्भमा क्षेत्रीय तथा अन्तर्राष्ट्रिय प्राविधिक सहयोग प्राप्त गर्न सिफारिस गर्दछ।

## अन्य महासन्धिहरूको अनुमोदन

५०. समिति पक्ष राज्यले अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी नौ वटा[1] प्रमुख दस्तावेजहरूको पालना गरेको खण्डमा महिलाहरूले निजहरूको जीवनको सम्पूर्ण पक्षहरूमा मानव अधिकार र मौलिक स्वतन्त्रता उपभोग गर्न पाउने कुरा व्यक्त गर्दछ। तसर्थ, पक्ष राज्य हालसम्म पक्ष नभएका आप्रबासी कामदारहरू र तिनका परिवारहरूका अधिकारको सुरक्षा सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि र बलपूर्वक बेपत्ता पारिएका सबै मानिसहरूको सुरक्षा सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको अनुमोदन गर्न समिति प्रोत्साहन गर्दछ।

## निश्कर्ष सुझाव परिपालनाको जानकारी

५१. समिति पक्ष राज्यलाई प्रकरण ३१ (क)–(ख) र ४३ (ख) र (ग) मा उल्लेखित सिफारिसहरूको कार्यान्वयन गर्न चालिएका आवश्यक कदमसम्बन्धी लिखित जानकारी दुई वर्षभित्र प्रदान गर्न अनुरोध गर्दछ।

## अर्को प्रतिवेदनको तयारी

५२. समिति पक्ष राज्यलाई सन् २०२२ नोभेम्बरसम्म अन्तिम म्याद रहेको आफ्नो सातौँ आवधिक प्रतिवेदन पेश गर्न अनुरोध गर्दछ। यस प्रतिवेदनमा प्रतिवेदन पेश गर्ने म्यादसम्मको सम्पूर्ण अवधि समेटिनुपर्छ र सो प्रतिवेदन समयमा नै पेश गर्न अनुरोध गर्दछ।

५३. समिति पक्ष राज्यलाई Common Core Document र महासन्धि विशेषको दस्तावेज सम्बन्धी निर्देशिका लगायत अन्तर्राष्ट्रिय मानव अधिकार महासन्धि अन्तर्गतको प्रतिवेदन सम्बन्धी निर्देशिकाको अवलम्वन गर्न अनुरोध गर्दछ।

# संयुक्त राष्ट्रसंघीय महिलाविरुद्ध भेदभाव उन्मूलन समितिद्वारा जारी गरिएको कोभिड १९ सम्बन्धी मार्गदर्शन

हाल विश्वभर महामारीको रुपमा रहेको कोभिड १९ बाट सिर्जित संकटको समयमा महिलाहरुले भोग्नु पर्ने असमानता र लैङ्गिकतामा आधारित हिंसा तथा भेदभावको उच्च जोखिमप्रति गम्भीर चासो र चिन्ता व्यक्त गर्दै महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन समिति (यसपछि समिति भनिएको) पक्षराष्ट्रहरुलाई महिला र बालिकाहरुको अधिकारको समर्थनको लागि आव्हान गर्दछ।

विश्वका अधिकांश राष्ट्रहरुले संक्रमण रोक्नको लागि स्वतन्त्रतापूर्वक आवत जावतमा प्रतिवन्ध लगाउने र निश्चित भौतिकदूरी कायम गर्न जारी गरेका उपायहरुले महिलाहरुको स्वास्थ्य सेवा, सुरक्षित आवास, शिक्षा, रोजगारी एवं आर्थिक जीवनको पहुँचलाई अस्वभाविक रुपमा सीमित पारिदिन सक्छ। वञ्चितिकरणमा परेका महिला समूह र द्वन्द्व प्रभावित महिला वा अन्य मानवीय सहयोगको आवश्यकतामा रहेका महिलाहरुमा यसको थप असर पर्छ।

कोभिड १९ को महामारीको सम्बोधन गर्न अवलम्बन गरिएका उपायहरुबाट सिर्जित असरले प्रत्यक्ष वा परोक्ष रुपमा महिला तथा बालिकाहरुलाई कुनै पनि प्रकारको भेदभाव गर्ने छैन भन्ने कुराको सुनिश्चितता गर्ने दायित्व महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि (CEDAW) का सम्बद्ध पक्षराष्ट्रहरुको हुनेछ। महिलाहरुलाई लैङ्गिकतामा आधारित हिंसाबाट संरक्षण गर्ने र लैङ्गिकतामा आधारित हिंसाको सम्बोधनको जवाफदेहिता सुनिश्चितता गर्ने, महिलालाई सामाजिक आर्थिक सशक्तीकरण गरि सक्षम बनाउने र सबै प्रकारका संकट प्रतिकार गर्न एवं यस सम्बन्धी उपचार तथा पुर्नलाभका नीतिहरु निर्माण गर्न एवं निर्णय प्रक्रियामा उनीहरुको सहभागिताको प्रत्याभूति गराउने दायित्व पनि सम्बद्ध पक्षराष्ट्रहरुको हुनेछ।

संयुक्त राष्ट्रसंघीय मानव अधिकार सम्बन्धि दशवटै सन्धिगत निकायहरुको संयुक्त घोषणापत्र तथा समितिले कोभिड १९ संकट महामारीको समयमा जारी गरेको संयुक्त कार्य आव्हानलाई पुनः स्मरण गर्दै, कोभिड १९ तथा महिला अधिकार सम्बन्धमा संयुक्त राष्ट्रसंघीय मानवाधिकार उच्चायुक्तको कार्यालय (OHCHR) को निर्देशन सुझाव समेतलाई विचार गर्दै, समितिले राज्य पक्षहरुसंग कोभिड १९ महामारीको कारण सिर्जित सार्वजनिक स्वास्थ्यको जोखिमको प्रतिकारका लागि महिला अधिकारको जवाफदेहिता वृद्धि गर्न आव्हान गर्दछ।

विषेश गरी समिति पक्ष राष्ट्रहरुलाई निम्न कार्यहरु गर्नका लागि आव्हान गर्दछः–

१. **कोभिड १९ को महामारीले महिलाको स्वास्थ्य सम्बन्धमा अस्वभाविक रुपमा पार्ने प्रभावको सम्बोधनः** महामारीको समयमा स्रोत साधनको वितरणमा हुने लैङ्गिक पक्षपात र स्रोत रकमान्तरको कारण विद्यमान लैङ्गिक असमानतालाई अझ बढाउन सक्छ र प्रायः महिलाहरुको स्वास्थ्य आवश्यकताहरुको सम्बोधन गर्ने कार्यमा थप हानि पार्न सक्छ। घरमा महिलाहरुमाथि पर्ने बालबच्चा र बिरामी वा बृद्ध सदस्यहरुको हेरचाहमा हुने अस्वभाविक बोझका साथै स्वास्थ्य क्षेत्रमा महिलाहरुको बढि सहभागीता हुने हुनाले उनिहरुलाई कोभिड १९ को संक्रमणको जोखिम उच्च रहेको हुन्छ। पक्षराष्ट्रहरुले रोकथामजन्य उपायहरुद्धारा महिलाको बढ्दो स्वास्थ्य जोखिमलाई सम्बोधन गर्नुका साथै कोभिड १९ को समययमै पहिचान गर्ने तथा उपचारमा पहुँच स्थापित गर्ने कार्यलाई सुनिश्चित गर्नु पर्दछ। पक्षराष्ट्रहरुले संक्रमणबाट बच्न सावधानी अपनाउने सम्बन्धी आवश्यक सूचनाहरुको प्रचार प्रसार गर्ने, व्यक्तिगत सुरक्षा सामग्री (पीपीई) को पर्याप्त व्यवस्था गर्ने र मनोसामाजिक सहयोग गर्ने जस्ता उपायहरु

अपनाएर महिला स्वास्थ्यकर्मीहरु र अन्य अग्रमोर्चामा खटिएका कामदारहरुलाई संक्रमण हुनबाट संरक्षण गर्नुपर्दछ।

२. **अत्यावश्यक सेवाको रुपमा यौन तथा प्रजनन् स्वास्थ्य सेवाको उपलब्धता :** पक्षराष्ट्रहरुले कोभिड १९ लाई सम्बोधन गरिरहँदा, लैङ्गिक उत्तरदायी यौन तथा प्रजनन् स्वास्थ्य सेवाका साथै मातृत्व हेरचाहका सेवाहरुलाई निरन्तरता दिनुपर्दछ। महिला र किशोरीहरुका लागि गोपनीय तवरबाट टोल फ्री हटलाईन सेवा वा अन्य पहुँचयोग्य सजिलो माध्यमहरू जस्तैः– अनलाईन पर्चाहरू (Prescriptions) बाट यौन र प्रजनन् स्वास्थ्य सम्बन्धी जानकारी र सेवाहरू जस्तो गर्भ निरोधका आधुनिक उपायहरु, सुरक्षित गर्भपतन र गर्भपतन पश्चातका सेवाहरूको पहुँच सुनिश्चित गर्नुपर्दछ। आवश्यकता भएमा यी सेवाहरु निःशुल्क रुपमा पनि दिनु पर्नेछ। पक्षराष्ट्रहरुले गर्भवती महिला र पहिले देखि नै स्वास्थ्य समस्या भएका महिलाहरूमा कोभिड १९ का कारण पर्न सक्ने जोखिमहरूको बारेमा सचेतना बढाउनु पर्दछ। पक्षराष्ट्रहरुले गर्भावस्थामा, जन्मको समयमा र प्रसूति पश्चातको समयमा समेत मातृ स्वास्थ्यको साथै संक्रमणको रोकथामका लागि स्वास्थ्यकर्मीहरूलाई पालना गर्नु पर्ने कडा मार्गनिर्देशनहरू प्रदान गर्नु पर्दछ।

३. **लैङ्गिक हिंसाबाट महिला तथा बालिकाहरुको संरक्षण :** कोभिड १९ का कारण सिर्जित बन्दाबन्दीको समयमा महिला र बालिकाहरु विशेषगरि ग्रामीण समुदायमा रहेका आपराधिक मनोवृत्तिका सहकर्मीहरु, परिवारका सदस्यहरु, र हेरचाहका लागि खटिएका व्यक्तिहरूबाट घरेलु तथा यौनिक हिंसा, आर्थिक, मनोवैज्ञानिक र अन्य प्रकारका लैङ्गिक हिंसाको उच्च जोखिममा रहेका हुन्छन्। पक्षराष्ट्रहरुले महिलाहरुलाई महिलाविरुद्ध हुने हिंसाबाट जोगाउने र संरक्षण गर्ने तथा महिला र बालिकामाथि त्यस्तो हिंसा गर्ने पीडकहरूलाई जवाफदेही बनाउने दायित्व पूर्ण रुपमा बहन गर्नुपर्दछ। पक्षराष्ट्रहरुले लैङ्गिक हिंसाको जोखिममा रहेका हिंसा प्रभावित महिला र बालिकाहरु वा संस्थामा आश्रित महिला र बालिकाहरुसमेतका लागी न्यायमा प्रभावकारी पहुँच, विशेषगरि संरक्षण सम्बन्धी आदेशहरु, चिकित्सा र मनोसामाजिक सहयोग, आश्रयस्थल र पुनःर्स्थापना कार्यक्रमहरूको सुनिश्चितता गर्नुपर्दछ। कोभिड १९ सम्बन्धी राष्ट्रिय प्रतिकार्य योजनाले सुरक्षित आश्रयस्थल, हटलाईन सेवा, परोक्ष मनो वैज्ञानिक परामर्श सेवाहरूको उपलब्धता र समावेशी तथा पहुँचयोग्य रुपमा विशेषज्ञ सेवा र प्रभावकारी सुरक्षा प्रणालीलाई समेत ग्रामीण समुदायसम्म समावेश गर्ने कार्यलाई प्राथमिकता दिनुपर्दछ र हिंसा, सामाजिक दूरी र तनावसंग जोडिएका महिला र बालिकाहरुको मानसिक स्वास्थ्यका समस्याहरूलाई सम्बोधन गर्नुपदर्छ। पक्षराष्ट्रहरुले कोभिड १९ पहिचान भएको कारण त्यस्ता सेवा प्राप्त गर्नबाट वञ्चित भएका महिलाहरूको हेरचाहको लागि निश्चित प्रोटोकल समेत निर्माण गर्नुपर्दछ, जसमा सुरक्षित क्वारेन्टीन र कोभिड १९ परीक्षणको पहुँच सम्बन्धी व्यवस्था समेत समावेश हुनुपर्छ।

४. **निर्णय प्रक्रियामा महिलाको समान सहभागिताको सुनिश्चितता :** सरकारहरू, बहुपक्षीय संस्थाहरू, निजी क्षेत्र र अन्य अभियन्ताहरुले महिला अधिकार संगठनहरूको माध्यमबाट कोभिड १९ को सम्बोधन र सामाजिक तथा आर्थिक पुर्नलाभका योजनाहरु सहितको पुर्नलाभका रणनीतिहरु निर्माण गर्दा, निर्माण प्रक्रियाका हरेक चरणहरुमा महिलाको समान सहभागीता र नेतृत्व सुनिश्चित गर्नुपर्दछ। कोभिड १९ महामारीको अवधि र त्यस पश्चातको अवधिमा समेत महिलाहरुलाई सामाजिक परिवर्तनको महत्वपूर्ण संवाहकको रूपमा मान्यता दिनु पर्दछ।

५. **निरन्तर शिक्षाको सुनिश्चितता :** कोभिड १९ को महामारीको कारण शिक्षण संस्थाहरु बन्द भएकोले विद्यार्थीहरु घरमै बसेको अवस्थामा अधिकांश महिला र बालिकाहरू परम्परागत घरेलु कामको भूमिकामा सीमित बन्न पुगेका छन्। अनलाईन शिक्षाले निरन्तर शिक्षा सुनिश्चित गर्न मद्दत पुर्‍याउन सक्छ तर महिला र बालिकाहरुमाथी घरेलु कामको बोझ बढी नै हुने र सबै क्षेत्रमा ईन्टरनेटसम्म पहुँच पुर्‍याउन आवश्यक संसाधनहरूको अभाव रहेको

हुदाँ धेरै बालिका र महिलाहरूको लागि यो प्रभावकारी विकल्प नहुन सक्छ। यस्तो अवस्थामा ईन्टरनेटको पहुँच सीमित रहेका ग्रामीण वा दुर्गम क्षेत्रहरूमा समावेशी वैकल्पिक शैक्षिक उपकरण सहितको निःशुल्क शिक्षा प्रदान गर्ने दायित्व पक्षराष्ट्रहरुको हुनेछ। विद्यालयहरुमा प्रदान गरिदैं आएको अनुदान प्राप्त खाना र शैक्षिक संस्थाले महिला र बालिकाहरुका लागि प्रदान गर्दै आएका सरसफाई सम्बन्धी सामानहरुको प्रबन्ध र वितरणमा रोक लागेको कारण खाना र स्वच्छ एवं मर्यादित महिनावारी अभ्यासको अभाव हुन सक्छ। पक्षराष्ट्रहरुले विद्यालय बन्द रहेको अवस्थामा समेत ग्रामीण घरपरिवारका सदस्यहरुलाई त्यस्ता अनुदान र वस्तुहरूको पुनः वितरण सुनिश्चित गर्नुपर्छ।

६. **महिलाका लागि सामाजिक–आर्थिक सहायता :** अनौपचारिक क्षेत्रमा, कम तलबमा र अस्थायी रुपमा काम गर्ने वा सामाजिक सुरक्षा नभएको अन्य जोखिमपूर्ण रोजगारीका क्षेत्रहरुमा काम गरिरहेका महिलाहरुलाई कोभिड१९ ले प्रतिकूल असर पार्छ। कोभिड१९ प्रतिकार्य र आर्थिक पुर्नलाभका योजनाले रोजगारीमा लैङ्गिक असमानतालाई सम्बोधन गर्नुपर्दछ अनौपचारिक अर्थतन्त्रबाट महिलालाई औपचारिक अर्थतन्त्रतर्फ रुपान्तरण गर्नुपर्दछ, साथै उनीहरुलाई उपयुक्त सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गर्नुपदर्छ। महिलाहरुका लागि महामारी पश्चातका कार्यक्रमहरु र महिला लक्षित आर्थिक सशक्तीकरणका कार्यक्रमहरू निर्माण गर्नुपर्दछ। आर्थिक पुर्नउत्थान, विविधिकरण र बजार विस्तार योजनालाई महिला लक्षित बनाउनु पर्दछ र उनीहरुको स्वामित्वमा रहेको व्यवसायमा आर्थिक प्रोत्साहन प्याकेज, कम ब्याज ऋण वा क्रेडिट ग्यारेन्टी योजना प्रदान गर्नुपर्दछ र महिलाका लागी बजार, व्यापार र खरिद अवसरहरू सुनिश्चित गर्नुपर्दछ, र यस्तो कार्यमा विशेष गरी ग्रामीण क्षेत्रमा रहेका महिलाहरुको हितलाई ध्यानमा राखेर सहयोग दिइनु पर्दछ, ।

७. **अवसरबाट वञ्चित विपन्न समूहका महिलाहरुका लागि लक्षित उपायहरु अपनाउन :** पक्षराष्ट्रहरुले आफ्नो कानुन, नीति र अन्य संरचनाहरुमा समावेशीकरणलाई दृष्टिगत गर्दै "कसैलाई पछाडि नछोड्ने दीगो विकासका लक्ष्य (SDG)" को सिद्धान्तलाई ध्यानमा राख्नु पर्दछ। कोभिड१९ महामारीको बखत, विपन्न समूहका महिलाहरू वा सीमान्तकृत समूहलाई दरिलो पार्नका लागि विभिन्न उपायहरू अवलम्बन गर्नुपर्दछ जसका लागी पक्षराष्ट्रहरुले विशेष गरि निम्न कार्यहरु गर्नुपर्दछ :

- कोभिड१९ ले मानसिक स्वास्थ लगायत स्वास्थ्यमा पार्न सक्ने असर कम गर्न वृद्धा महिलाहरु र पहिले देखि नै स्वास्थ्य समस्या भएका व्यक्तिहरुका लागी स्वास्थ्यकर्मीहरुद्वारा घर घरमा स्वास्थ्य जाँचको व्यवस्था, स्वास्थ्य सेवा प्राप्त गर्नका लागि सुरक्षित यातायातको व्यवस्था र मनोसामाजिक परामर्श सेवाहरु समेत प्रदान गरी स्वास्थ्य सेवामा पहुँचको सुनिश्चितता गर्नु पर्दछ।

- बन्दाबन्दीको अवधि र सेवा प्रवाह कमजोर भएको समयमा ग्रामीण क्षेत्र र संस्थाहरुमा आश्रित रहेका अपाङ्गता भएका महिला र बालिकाहरुका लागि स्वास्थ्य सेवा सहितको आधारभूत सेवाहरु, हिंसा पीडितहरुको लागि आश्रयस्थल, र समावेशी शिक्षाको सुनिश्चितता गर्नुपर्दछ ।

- गरिबीमा रहेका महिला र बालिकाहरूको लागि आवश्यक पूर्वाधारहरूको स्तरोन्नती गर्ने र रासन भण्डारणको सुनिश्चितता गर्दै पर्याप्त खाना, पानी र सरसफाईको पहुँच सुनिश्चित गर्नुपर्दछ। अव्यवस्थित अवस्थामा रहेका र स्वास्थ्य बीमा नभएकालगायतका आप्रवासी महिला र बालिकाहरुको स्वास्थ्य सेवामा पर्याप्त पहुँच सुनिश्चित गर्ने र त्यस्ता स्वास्थ्य सेवा प्रदायकहरूकलाई अध्यागमन अधिकारीहरू समक्ष उजुरी गरिरहनु नपर्ने व्यवस्था गर्नुपर्दछ।


- शरणार्थी र आन्तरिक रूपमा विस्थापित (IDP) महिला र बालिकाहरूको संरक्षणको लागि विशेष उपायहरू

अपनाउने जस्तै शरणार्थी र आईडीपी शिविरहरूमा र यसको वरिपरि कोभिड १९ को व्यवस्थित स्क्रीनिङ गर्ने र महामारीको समयमा उनीहरूको बेचबिखन र जीवन निर्वाहका निम्ति गरिने देह व्यापारमा पर्न सक्ने उच्च जोखिमलाई सम्बोधन गर्नुपर्दछ।

- आदिवासी महिला र बालिकाहरूको स्वास्थ्य सेवामा सांस्कृतिक रूपले स्वीकार योग्य पहुँच सुनिश्चित गर्न आधुनिक उपचार पद्धति र परम्परागत उपचार पद्धतिबीच एकीकृत दृष्टिकोण निर्माण गरि कोभिड १९ को उपकरण, परीक्षण र तत्कालीन आपतकालीन उपचारको व्यवस्था सुनिश्चित गर्नुपर्दछ। यस्ता सबै सेवाहरू स्थानीय आदिवासी निकायहरूसंगको समन्वयमा प्रदान गरिनुपर्दछ र विषाणु (भाईरस) प्रसारण नियन्त्रणका कार्यहरुमा उनीहरूको आत्म निर्णय र स्थानीय सुरक्षा सम्बन्धी अधिकारको सम्मानको सुनिश्चितता गर्नुपर्दछ। पक्षराष्ट्रहरुले आदिवासी महिला, बालिका र अल्पसंख्यकहरुका लागि निरन्तर शिक्षा र कोभिड १९ सम्बन्धित जानकारी मातृभाषामा समेत प्रदान गर्ने गरी सुनिश्चित गर्नुपर्दछ।
- समलिङ्गी, द्विलिङ्गी र पारालिङ्गी महिलाहरुविरूद्ध स्वास्थ्य सेवा पहुँचमा हुने भेदभावलाई सम्बोधन गर्न र घरभित्रै रहँदाको समयमा हुन सक्ने लैङ्गिक हिंसामा समेत सुरक्षित आश्रयस्थल र यसका लागि अन्य सहयोगी सेवाहरूको पहुँचको सुनिश्चितता गर्नुपर्दछ ।
- स्वतन्त्रताबाट वञ्चित महिलाहरू (थुनामा रहेका महिलाहरु) विशेष गरी प्रशासनिक वा अन्य गैर गम्भीर अपराधको आधारमा थुनामा राखिएका महिलाहरू, कम हानि पुऱ्याएका अपराधीहरू र सुरक्षित रूपमा समाजमा पुर्नस्थापना गर्न सकिने महिलाहरु, कैद सजाय पूरा हुन लागेका महिलाहरू, गर्भवती वा बिरामी महिलाहरू, बृद्धा र अपाङ्गता भएका महिलाहरूका लागि थुनाका विकल्पहरूबारे विचार गर्ने (जस्तैः– न्यायिक पर्यवेक्षण वा प्रोवेसन सहितको सजाय)। प्रर्याप्त कानुनी आधार विना हिरासतमा राखिएका महिला राजनीतिक बन्दीहरुलगायत महिला मानव अधिकार रक्षकहरुलाई थुनामुक्त गरिनु पर्दछ।

८. **महिला र बालिकाहरूका लागि मानवीय सुरक्षा र महिला, शान्ति र सुरक्षाका विषयहरुको निरन्तरता :** पक्षराष्ट्रहरुले मानवीय सहायता आवश्यक रहेको परिस्थिति र द्वन्द्वको बेलामा महिला र बालिकाहरूको सुरक्षाका लागि अधिकारमुखी दृष्टिकोण अपनाउने र द्वन्द्वको लैङ्गिक विश्लेषण गर्नुपर्दछ। पक्षराष्ट्रहरुले कोभिड १९ को जोखिम कम गर्न उपचारात्मक कदमहरू चाल्नुपर्दछ र मानवीय सहायता आवश्यक रहेको परिस्थितिमा मातृ तथा बाल रुग्णता र मृत्युदर रोक्नका लागी सेवाहरूमा रहेका अवरोधहरूको प्रतिकार गर्ने कदम चाल्नु पर्दछ।

९. **संस्थागत जवाफदेहिताको सुदृढीकरण, सूचनाहरुको प्रचार प्रसार र तथ्याङ्क संकलन :** पक्षराष्ट्रहरुले कोभिड १९ को प्रभावकारी सम्बोधन गर्न राष्ट्रिय संयन्त्रहरुको सुदृढीकरण गरी समन्वयमा जोड दिनुपर्दछ। पक्षराष्ट्रहरुले कोभिड १९ का कारण सिर्जित लैङ्गिक जोखिम, महिला र बालिकाहरूका लागि उपलब्ध स्वास्थ्य सेवा र यस सम्बन्धी अन्य सेवाहरु तथा उपायहरुको बारेमा अध्यावधिक, विज्ञानसम्मत र पारदर्शी जानकारीको व्यापक प्रचार प्रसार गर्नुपर्दछ। त्यस्तो जानकारी सहज र बहुभाषाहरूमा हुनुका साथै पहुँच योग्य ढाँचामा सबै उपयुक्त च्यानलहरू, ईन्टरनेट, सामाजिक संजाल, रेडियो र सन्देशहरूमार्फत उपलब्ध हुनुपर्दछ। कोभिड १९ पश्चातको पुर्नलाभको अवस्थालाई दृष्टिगत गरि पक्षराष्ट्रहरुले महामारीले पारेको लैङ्गिक असरको बारेमा सही र वृहत रुपमा उमेर र लैङ्गिक खण्डीकृत तथ्याङ्क संकलन गर्नुपर्दछ जसले महिला र बालिकाहरुको सम्बन्धमा जानकारी तथा तथ्यमा आधारित नीति निर्माण गर्न सहयोग पुऱ्याँउदछ।



# कोरोना भाइरस रोग (कोभिड-१९)

(स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा जनहितमा जारी)

हाल विश्वभरी फैलिरहेका नयाँ कोरोना भाइरसको संक्रमणबाट लागेको रोगलाई विश्व स्वास्थ्य संगठनले "कोभिड १९" को नाम दिएको छ र यसलाई विश्वव्यापी महामारीको रुपमा घोषणा गरिसकिएको छ ।

कोरोना भाइरस श्वासप्रश्वासको माध्यमबाट सर्ने रोग हो । यो संक्रमित व्यक्तिले खोक्दा वा हाछ्युँ गर्दा नाक वा मुखबाट निस्कने छिट्टाको माध्यमबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्दछ ।

## कोरोना भाइरस रोगको मुख्य लक्षणहरू



ज्वरो आउने



खोकि लाग्ने



श्वाश फेर्न गाह्रो हुने

**यस्ता लक्षणहरू देखा परेमा नजिकको तोकिएको स्वास्थ्य केन्द्रमा सम्पर्क गर्ने ।**

**यस रोगको संक्रमणको जोखिमबाट बच्नको लागि निम्न उपायहरू अपनाउनुपर्छ ।**



ज्वरो र खोकी लागेको व्यक्तिबाट टाढा रहने वा आफूलाई ज्वरो र खोकी लागेको छ भने पनि अरू व्यक्तिबाट टाढा रहने र मास्कको प्रयोग गर्ने



खोक्दा हाछ्युँ गर्दा नाक मुख टिस्यू पेपर वा कुहिनाले छोप्ने र प्रयोग गरेको टिस्यू पेपरलाई बिर्को भएको फोहर फाल्ने भाँडोमा फाल्ने र साबुन पानीले मिचिमिचि हात धुने वा अल्कोहल भएको स्यानिटाइजर प्रयोग गर्ने



भिडभाडमा नजाने र अरूलाई पनि नजान सुझाव दिने, हात मिलाउनुको सट्टा नमस्कार गर्ने



बेलाबेलामा साबुन पानीले कम्तिमा २० सेकेन्ड मिचिमिचि हात धुने वा अल्कोहल भएको स्यानिटाइजर प्रयोग गर्ने



कोरोना प्रभावित देशबाट आएको व्यक्तिहरूमा माथिका लक्षणहरु देखिए स्वास्थ्य केन्द्रमा तुरुन्त जानुपर्दछ । घरैमा बस्दा परिवारका सदस्यहरुबाट १४ दिन सम्म छुट्टै आईसोलेसनमा बस्नु पर्दछ ।

कोरोना भाइरस रोगका बारेमा थप जानकारीको लागि **१११५** वा **९८५१२५५८३९, ९८५१२५५८३७, ९८५१२५५८३४** मा सम्पर्क गरौं ।

# मौनता तोडौं, घरेलु हिंसा विरुद्ध उजुरी गरौं

**घरेलु हिंसाका प्रकार:** शारीरिक हिंसा · मानसिक हिंसा · यौनजन्य हिंसा · आर्थिक हिंसा

## घरेलु सम्बन्ध के हो ?

- ✔ वंशज ✔ विवाह ✔ धर्म पुत्र/पुत्री
- ✔ संयुक्त परिवारको सदस्य
- ✔ आश्रित वा कामदारको रूपमा एकै परिवारमा बसेका व्यक्तिहरूका बीचमा भएको वा हुन सक्ने सम्बन्धलाई राखिएको छ ।
- ✔ संगै बसेका जोडी वा अंश लिई वा नलिई भिन्न बसेका पति वा पत्नी समेतलाई जनाउँछ ।




## कहाँ उजुरी गर्ने ?

- ✔ प्रहरी कार्यालय
- ✔ राष्ट्रिय महिला आयोग
- ✔ स्थानीय तह (गा.पा./न.पा./वडा कार्यालय)
- ✔ अदालत

## सजाय कति हुन्छ ?

- ✔ घरेलु हिंसा गरेमा रू. ३ हजारदेखि रू. २५ हजारसम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।
- ✔ घरेलु हिंसाको उद्योग गरेमा, दुरुत्साहन गर्ने वा मतियार हुनेलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।
- ✔ पटके पीडकको हकमा पटकैपिच्छे दोब्बर सजाय हुनेछ ।
- ✔ सार्वजनिक जवाफदेहीको पदमा बहाल रहेको कुनै व्यक्तिले आफ्नो पत्नी, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति, नाबालक वा गर्भवती महिला विरुद्ध यस ऐन बमोजिमको कसूर गरेमा निजलाई थप १० प्रतिशत सजाय हुन्छ ।
- ✔ अदालतको अन्तरिम संरक्षणको आदेश पालना नगरेमा रू. २ हजारदेखि रू. १५ हजारसम्म जरिवाना वा ४ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

## कसले र कहिले उजुरी गर्ने ?

- ✔ पीडित आफैंले वा थाहापाउने जो कोहीले
- ✔ कसूर भए गरेको मितिले ९० दिनभित्र

# पहिचान प्रत्येक व्यक्तिको अधिकार हो ।
# व्यक्तिगत घटना दर्ता नै कानुनी पहुँचको आधार हो ।

**व्यक्तिगत घटना दर्ताका प्रकार :** जन्म दर्ता । विवाह दर्ता । सम्बन्ध विच्छेद दर्ता । मृत्यु दर्ता । बसाई सराई दर्ता

## व्यक्तिगत घटना दर्ताको प्रक्रिया

### व्यक्तिगत घटना कति दिन भित्र दर्ता गर्ने ?

व्यक्तिगत घटना घटेको ३५ दिनभित्र दर्ता गराउने

### व्यक्तिगत घटना दर्ता गर्न कहाँ र को समक्ष निवेदन दिने ?

सम्बन्धित वडा कार्यालयमा रहने पञ्जिकाधिकारी समक्ष निवेदन दिने र प्रमाण-पत्र प्राप्त गर्ने

### व्यक्तिगत घटना दर्ता कसले गराउने ?

जन्म र मृत्यु : परिवारका मुख्य व्यक्तिले र मुख्य व्यक्तिको अनुपस्थितिमा उमेर पुगेका परिवारका सदस्यले ।
विवाह : पति वा पत्नी वा दुवैले ।
सम्बन्ध विच्छेदको सूचना : पति वा पत्नीले ।
बसाई सराईको सूचना : बसाई सर्ने परिवारको मुख्य व्यक्तिले र परिवार नभए बसाई सराई गर्ने व्यक्तिले ।



### व्यक्तिगत घटना दर्ता गर्न शुल्क तिर्नु पर्छ वा पर्दैन ?

दस्तुर शुल्क रू. ५०।- लाग्नेछ ।

# लैङ्गिक हिंसा भएमा

## खबर गरौं ११४५

लैङ्गिक हिंसा बिरुद्ध हामी



## कसले खबर गर्ने?

- पीडित स्वयंले
- हिंसाका घटना घटेको देख्ने वा सुन्ने व्यक्तिले, पीडितका आफन्त वा साथीले
- हिंसाका घटना घट्न सक्छ भन्ने थाहा पाउने व्यक्तिले
- लैङ्गिक हिंसा न्यूनीकरण तथा रोकथाम सम्बन्धी काम गर्ने संघ संस्थाहरुले
- अन्य जुनसुकै व्यक्तिहरुले

## खबर गरौं ११४५

२४/७

- जुनसुकै फोनबाट ११४५मा फोन गर्दा कुनै पैसा लाग्दैन
- यसमा SMS बाट पनि खबर गर्न सकिन्छ
- नेपाल भरी जहाँबाट पनि फोन गर्न सकिन्छ
- यो सेवा २४ सै घण्टा, हप्ताको सातै दिन उपलब्ध छ

## अनि के हुन्छ त?

- अति प्रभावितका लागि सुरक्षित बास (Shelter)
- कानुनी परामर्श तथा उपचार सेवा
- १८ बर्ष मुनिका पीडितलाई विशेष सेवा
- मनोसामाजिक परामर्श सेवा
- आधारभूत स्वास्थ्य सेवा


**राष्ट्रिय महिला आयोग**

भद्रकालीप्लाजा, काठमाडौं

फोन नं. : ४२५६७०१, ४२५९४११, फ्याक्स : ४२५०४११

Email: info@nwc.gov.np, Website: www.nwc.gov.np